का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १९, अंक २२९
❒ १७ असोज २०७८, आइतबार
❒ 3 October 2021, Sunday
www.madhyanhadaily.com

पृष्ठ ८ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिका अनलाइनमा पढनका लागि QR कोड स्क्यान गर्नुहोला ।




यौन दुराचारी जहाँपनि हुन सक्दछन् त्यस्ता दुराचारीबाट सजग र सचेत रहौं, आफू पनि बचौं र अरूलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रतिनिधिको सुझाव

# एमाले यसरी बन्दैन !



पार्टी जीवनमै पहिलोपटक आयोजना गरेको नेकपा एमालेका विधान महाधिवेशनका प्रतिनिधिहरूले अहिलेकै शैलीमा नेकपा सशक्त हुन नसक्ने निष्कर्ष निकालेका छन् । समूहगत छलफलका क्रममा प्रस्तुत निष्कर्ष छ- एमाले यसरी बन्दैन ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १६ असोज ।

नेकपा एमालेको विधान महाधिवेशनमा समूहगत छलफल सकिएको छ । शुक्रबार शुरु भएको विधान महाधिवेशनमा प्रस्तुत तीन प्रतिवेदनमाथि समूहगत छलफल सकिएपछि विधान महाधिवेशनमा हलमा समूह नेताहरुले निष्कर्ष प्रस्तुत गरिरहेका छन् । अध्यक्ष केपी शर्मा ओलीको राजनीतिक, महासचिव ईश्वर पोखरेलको संगठनात्मक र उपमहासचिव विष्णुप्रसाद पौडेलको विधान संशोधन प्रतिवेदन माथि समूहगत छलफल भएको थियो ।

६ हजार बढी प्रतिनिधिलाई दश समूहमा विभाजित गरिएको थियो । औसतमा ६ सय जना रहनेगरी विभाजित समूहमा तीन वटै प्रतिवेदनमाथि छलफल सएिको छ । समूहगत छलफल सकिएपछि शनिबार सूदुरपश्चिम, लुम्बिनी, कर्णाली, बागमती र केन्द्रीय विभाग तथा जनसंगठनहरुको तर्फबाट दिइएको सुझाव निष्कर्ष प्रस्तुत गरिएको छ ।

सूदुरपश्चिम समूहबाट कर्ण थापा, कर्णालीबाट गोरखबहादुर बोगटी, लुम्बिनीको लिला गिरी, विभाग समूहबाट भानुभक्त ढकाल र बागमतीबाट आनन्द पोखरेलले सुझाव निष्कर्ष प्रस्तुत गरेका थिए । शुक्रबार प्रस्तुत सुझाव निष्कर्ष लगभग मिल्दो थियो । पूर्वमन्त्री ढकालले पार्टीभित्र सांस्कृतिक रुपान्तरणको खाँचो रहेको बताए । “कमरेडली भावना हराउँदै गएको छ । पार्टीका निम्ति यो डरलाग्दो कुरा हो भन्ने हाम्रो समूहको निष्कर्ष छ”, ढकालले भने । उनी विभाग समूहका अध्यक्ष थिए ।

पर्टीमा अहिले व्यक्ति स्थापित गर्ने प्रयत्न भइरहेकाले यसलाई रोक्नुपर्ने बताए । “व्यक्ति स्थापित गर्ने होइन, पार्टी र नीति स्थापित गरिनुपर्छ”, ढकालले भने । कर्णालीका बोगटीले पनि पार्टीभित्र आलोचना तथा आत्मलोचनाको संस्कृति हराएर गएको बताए ।

लुम्बिनीका गिरीले पनि एमालेको सुधारको खाँचो रहेको बताए । समूहमा उठेका सुझाव प्रस्तुत गर्दै गिरीले भने, “नजिक रहेकाहरुलाई मात्रै होइन, व्यक्तिको इतिहास हेरेर सुविधाको न्यायोचित अवसर दिइनुपर्छ ।” सक्रिय राजनीतिको उमेर हद तय गर्नेबारे पनि सवैजसो समूहबाट प्रस्ताव आएको छ । धेरैजसोले ७० वर्ष उमेर हद कायम राखिनुपर्ने अडान लिएका छन् । “७० वर्ष पार गरेकाहरुलाई सल्लाह परिषदमा राख्ने व्यवस्था गरिनुपर्छ”, कर्णालीबाट बोगटीले भने ।

अमेरिकी सहायता परियोजना मिनियम च्योलेञ्ज कर्पोरेसन (एमसीसी) बारे पार्टीको धारणा प्रष्ट पार्न पनि माग गरिएको थियो। बाँकी पृष्ठ २ मा

# प्रक्रिया पुऱ्याउन मात्रै सम्मेलन

शान्ति सम्झौता मार्फत् शान्तिपूर्ण र संसदीय राजनीति गर्दै आएको नेकपा (माओवादी केन्द्र) ले पार्टीमा लोकतान्त्रिकरणको प्रयास गरिरहेको छ । तर युवा र विद्यार्थीको राष्ट्रिय सम्मेलनको नियति कायमै रहने हो भने माओवादी केन्द्रमा लोकतान्त्रिक सहजै शुरू हुने देखिदैन ।




**मुक्ति रेग्मी/मध्यान्ह**
काठमाडौं, १६ असोज ।

नेकपा (माओवादी केन्द्र) निकट विद्यार्थी संगठन अनेरास्वियू (क्रान्तिकारी) को २२औं राष्ट्रिय सम्मेलन आफैले नेतृत्व चयन नगर्ने भएको छ । राजधानी उपत्यकामा भएको सम्मेलन हलले नेतृत्व चयन गर्न सकेन । राष्ट्रिय सम्मेलनले नेतृत्व चयन गर्ने तयारी गरेको थियो । तर आकांक्षी धेरै भएपछि नेतृत्व चयन भएन ।

नेतृत्व चयनको सकस फुकाउन नसकेपछि अनेरास्ववियू (क्रान्तिकारी) ले यो जिम्मेवारी पार्टी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डलाई दिएको छ । शुक्रबार उद्घाटन भएको राष्ट्रिय सम्मेलनले नेतृत्व चयनको जिम्मेवारी प्रचण्डलाई दिएको हो । देशभरका प्रतिनिधि काठमाडौ आएपनि नेतृत्व चयनबारे पार्टीले निर्णय गरेको हो । शनिबार पेरिसडाडाँमा बसेको माओवादी केन्द्रको स्थायी कमिटी बैठकले अनेरास्ववियू (क्रान्तिकारी) को नेतृत्व चयन गर्ने जिम्मेवारी अध्यक्ष प्रचण्डलाई दिएको प्रवक्ता कृष्णबहादुर महराले बताए ।

प्रवक्ता महराले अर्को बैठकले अनेरास्ववियू (क्रान्तिकारी) को नेतृत्व चयनबारे निर्णय हुनेछ । यसअघि युवा संगठन योङ कम्युनिष्ट लिग (वाईसीएल) ले पनि यस्तै गरेको थियो । राष्ट्रिय सम्मेलन गरी वाईसीएलले नेतृत्व चयनको जिम्मेवारी भने प्रचण्डलाई दिएको थियो । गएको २३ फागुनमा तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को एकता प्रक्रिया भंग हुँदै नेकपा एमाले र माओवादी केन्द्र ब्युतिएको थियो । यसपछि माओवादी केन्द्रले संगठन सुदृढीकरणतिर जोड दिने निर्णय गरेको थियो ।

त्यसैअनुसार, पार्टी र जनसंगठनहरुको नेतृत्व चयन र संगठन निर्माणमा लोकतान्त्रिक प्रणाली अपनाउने निर्णय गरेको थियो । तर अखिल र वाईसीएलको नेतृत्व चयनमा भने लोकतान्त्रिक प्रणाली अपनाउ नसकेन । अघिल्लो पटक अनेरास्ववियू (क्रान्तिकारी) को नेतृत्व चयन निर्वाचन प्रणालीबाट भएको थियो । माओवादी केन्द्रकै राजनीतिक जीवनमा यो चुनाव भिन्न थियो ।

किनकि माओवादीको नेतृत्व चयन सधैं मनोनित हुने गर्छ । लोकतान्त्रिक प्रणालीको खोजी नहुँदा प्रचण्ड ३४ वर्षदेखि माओवादी केन्द्रका अध्यक्ष छन् । तर पार्टीलाई सशक्त र जनतासम्म लै जान लोकतान्त्रिक प्रणालीको नीति अवलम्बन गर्ने बाँकी पृष्ठ २ मा

# वैदेशिक रोजगारीमा जानेहरूमा दक्ष कामदारको संख्या न्यून

**मध्यान्ह संवाददाता**
पोखरा, १६ असोज ।

नेपालको प्रदेश १ र प्रदेश २ बाट वैदेशिक रोजगारीका लागि खाडी मुलुक जाने कामदार अत्याधिक देखिएका छन् । सेन्टर फर माइग्रेसन एण्ड इन्टरेशनल रिलेसन (सीएमआईआर) ले गत वर्ष गरेको अध्ययनमा उक्त अवस्था देखिएको हो । अध्ययन प्रतिवेदन शनिवार पोखरामा सार्वजनिक गरिएको हो ।

अनुसन्धानकर्ता युवराज नेपालकाअनुसार रोजगारीको लागि खाडी मुलुक जाने अधिकांश नेपाली कामदार अदक्ष तथा अर्धदक्ष देखिएका छन् । आवश्यक सीप र दक्षता विना गएका कामदार ठगिने र श्रम शोषणमा पर्ने पाइएको पनि नेपालले बताए ।

वैदेशिक रोजगारीका क्रममा ठगिने कामदार केही म्यानपावर कम्पनीमार्फत जाने भए पनि अधिकांश शैक्षिक कन्सल्टेन्सीबाट ठगिएको पाइएको भन्दै उनले शैक्षिक कन्सल्टेन्सीहरूले विद्यार्थीलाई विदेश अध्ययन गर्न भिसा सहजीकरण गर्ने भए पनि उनीहरुले वैदेशिक रोजगारीमा पठाउने एजेन्टको अवैधानिक काम गरिरहेको दावी समेत गरे ।

अनुसन्धानकर्ता नेपालले वैदेशिक रोजगारीमा जाने कामदारहरूले राहदानी बनाउनेदेखि अन्य सरकारी सेवा लिने कार्यालयबाट पनि सहजरूपमा सेवा पाउन नसकेको उल्लेख गरेका छन् ।

व्यवस्थापिका संसदको अन्तर्राष्ट्रिय सम्बन्ध तथा श्रम समितिले खाडी तथा अन्य मुलुकमा नेपाली महिलाहरूलाई घरेलु महिला कामदार पठाउन प्रतिबन्ध लगाएपनि गैरकानुनी रूपमा विदेशिने क्रम यथावत् रहेको बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## मलेसियामा मृत्यु भएका १२ जनाको शब नेपाल ल्याइयो

**काठमाडौं, मस**–वैदेशिक रोजगारीका क्रममा मलेसियामा मृत्यु भएका थप १२ जना नेपालीको शव र अस्तु नेपाल ल्याइएको छ ।

उनीहरूको शब तथा अस्तु शनिबार बिहान नेपाल आईपुगेको हो । मलेसियास्थित नेपाली दूतावासका अनुसार देउमाई नगरपालिका-९ इलाम निवासी खाम्बा सिंह लाया मगर, जुनिचाधे-७ जाजरकोट निवासी खडग बहादुर शाही, घोराही-११ दाङ निवासी कमल ओली क्षेत्री, बुलिङ्टार-४ नवलपरासी निवासी केशर बहादुर राणा र पुष्कर निरौला ग्रामथान-४ मोरङ निवासी ओम नारायण बाँकी पृष्ठ २ मा

# तिहार लगत्तै घण्टाघर पुनर्निर्माण

**विभा शर्मा/मध्यान्ह**
काठमाडौं, १६ असोज ।

सरकारले काठमाडौंको गहनाको रुपमा रहेको घण्टाघर पुनर्निर्माण शुरु गर्ने भएको छ । तिहारलगत्तै पुनर्निर्माण प्रकृया शुरु गर्ने तयारी भइरहेको पुनर्निर्माण प्राधिकरणले जनाएको छ ।

भत्काएर सकिए लगत्तै पुनर्निर्माण शुरु गरिने तयारी भइरहेको छ । २५ भदौमा अर्थमन्त्री जनार्दन शर्माले प्रतिनिधिसभामा पेश गरेको बजेटको प्रतिस्थापन विधेयकको बुँदा नम्बर ४३ मा मुलुककै सबभन्दा पुरानो कलेज त्रिचन्द्र कलेज र घण्टाघरलाई ऐतिहासिक महत्व झल्किने गरी पुरानै ढाँचामा पुनर्निर्माण गर्ने प्रबन्ध गरिने उल्लेख गरिएको छ ।

घण्टाघर पुनर्निर्माणमा करिब ४० करोड रुपैयाँ खर्च हुने अनुमान गरिएको छ । त्यही अनुसार, तिहार लगत्तै भत्काउने प्रकृया शुरु गरेर ०७८ सालभित्रै नयां निर्माणको लागि शिलन्यास गर्ने तयारी भइरहेका अधिकारीहरुले बताएका छन् । उनीहरुका अनुसार, धरहरा पुनर्निर्माण गरेर एमाले अध्यक्ष केपी ओलीले मतदाताको ध्यान आकर्षित गरेको अनुमान गरिएको छ । त्यही अनुसार अहिले सरकारले घण्टाघर पुनर्निर्माणको काम शुरु गर्ने हो भने त्यसको केही न केही सकारात्मक असर आउंदो स्थानीय र आम निर्वाचनमा पर्न सक्ने बुझेर प्रधानमन्त्री शेरबहादुर देउवा र अर्थमन्त्री जनार्दन शर्मा पनि जति सक्दो छिटो निर्माण शुरु गर्ने पक्षमा छन् ।

२०७२ बैशाख बाँकी पृष्ठ २ मा

VACANCY ANNOUCEMENT

*A Reputed Manpower Recruitment Company based in Kathmandu is seeking applications from deserved applicants for the following positions:-*

1) PRO - 4 (Male/Female)
2) Admin Officer - 2 (Female)
3) Receptionist - 1 (Female)

Salary Negotiable

MECHI INTERNATIONAL OVERSEAS PVT. LTD.
Sinamangal, Kathmandu, Nepal, Tel: +977- 1- 4487000
Mob.: 9816493026, Email: info@mechioverseas.com.np
mechioverseas1313@gmail.com, Web: www.mechioverseas.com.np
Gov. Lic No. 1313/074/075

# विज्ञद्वारा रामपुर शीत भण्डारको अनुगमन

**सुशीला रेग्मी / मध्यान्ह**
रामपुर, १६ असोज



रामपुरको शीत भण्डारमा राखिएको आलु बिग्रिएको गुनासो यत्रतत्र आएपछि आलुबाली विज्ञ श्याम ढकालले अनुगमन गरेका छन् । तत्कालिन राष्ट्रिय आलुबाली विकास केन्द्रका बरिष्ठ आलुबाली विकास अधिकृतको रुपमा काम गरेका ढकालले अहिले उम्रिएको आलु रोप्दा उत्पादन घट्ने समस्या नरहने बताए ।

"आलु उम्रिहाल्यो भन्दैमा आत्तिहाल्नुपर्ने अवस्था भने छैन तर आलु भण्डारणमा ढिलाई हुँदा यो समस्या आएको हो, खनेको १५ देखि २० दिनभित्रै भण्डारण गर्नुपर्नेमा करिव दुई महिनापछि मात्रै भण्डारण हुँदा समस्या निम्तिएको छ" आलुविज्ञ ढकालले भने ।

देशका ठूला-ठूला शीत भण्डारणमा पनि यस्तो समस्या देखिएको बताउँदै ढकालले समयमा नै आलु भण्डारण नहुनु, भण्डारणको सापेक्षिक आद्रता नाप्ने मात्रा समयमा नराख्नु जस्ता कारणले समस्या देखिएको बताउँछन् । उम्रिएको आलु बोराबाट झिकेर टुसा पारेर फेरी बोरामा भण्डारण गरेर राखेमा उत्पादनमा ठूलो असर नहुने आलुविज्ञ ढकालको भनाइ छ । उनले भने, "भण्डारण गरिएका आलुका बोरालाई बेला बेलामा तलमाथि पारेर राख्नुपर्ने थियो, पहिलो वर्ष सञ्चालनमा ल्याइएकाले पनि रेखदेख गर्ने नियमित दुई जना प्राविधिक हुनुपर्ने, आलु भण्डारण गर्नु अगावै कतिपय कृषकले सरसफाई नगरिकन आलु बोरामा राख्दा पनि समस्या देखिएको छ ।" यहाँको शीत भण्डारमा करिव एक हजार चार सय क्वीण्टल आलु राखिएको छ । गत वैशाख दोस्रो र तेस्रो सातामा आलु भण्डारण गरेर सञ्चालनमा ल्याइएको हो । शीत भण्डार निर्माणको ढिलाईका कारण उपयुक्त समयमा आलु भण्डारण गर्न नसक्दा समस्या निम्तिएको कृषि शाखा प्रमुख रामहरी पाण्डेयले बताए ।

कृषकको आलु बिग्रिएर प्रयोग गर्न नमिल्ने खालको भएमा बजार मुल्य हेरेर क्षतिपूर्तिको व्यवस्था गरिने रामपुर नगरपालिकाका प्रवक्ता तथा वडा नं ६ का वडा अध्यक्ष हुमनाथ न्यौपाने बताउँछन् । आलु लगाउने समय सम्म शीत भण्डारमै सुरक्षित साथ भण्डारणको व्यवस्थापन गरेर राखिने हुँदा कृषकलाई नआत्तिन नगर प्रवक्ता न्यौपानेको अनुरोध छ । 'शीत भण्डारको आलु बिग्रियो, किसानले मागे क्षतिपूर्ति' भन्ने शीर्षकमा विभिन्न सञ्चार माध्यममा प्रकाशन भएको थियो ।

कृषकले भने आलु टुसा पलाएर लामा लामा हुदा रोप्ने समय अझै नभएकाले उत्पादनमा ह्रास आउने चिन्ता व्यक्त गरेका छन् । खेतमा धान बाली थन्क्याएर मात्रै आलु लगाउने भएकाले धान नपसाउँदै टुसाएको, बिग्रिएको आलु भण्डारण गरेर राख्दा खाद्यतत्व सबै नाश हुने लेखनाथ रेग्मी बताउँछन् । बीउ आलुबाट राम्रो कमाई हुने भएपछि बिगत पाँच / सात वर्ष देखि व्यावसायीक आलु उत्पादन गरेकी यमकान्ती गौतमले यहाँ भण्डारण गरिएको आलु लगाउन योग्य नहुने देखेपछि चिन्तित छन् । "प्राविधिकहरुले टुसाएपनि आलु लगाउन हुने बताएपनि अझै करिव दुई महिनाको समय आलु लगाउन बाकी हुदा त्यतिन्जेल सम्म आलुको खाद्यतत्व सबै नास हुनेछ, हामी व्यावसायीक खेती गर्ने कृषकलाई ठूलो मार परेको छ, हामीलाई नबिग्रएको गुणस्तरिय वीउ आलु नै चाहिन्छ" उनले गुनासो पोखे । रामपुर क्षेत्रमा उत्पादन हुने कृषिजन्य उपजलाई सुरक्षित साथ भण्डारण गरेर राख्नका लागि कृषि शाखाको परिसरमा लुम्बिनी प्रदेश सरकारको सर्शत अनुदानमा रबिना र अभिसा जेभी कन्ट्रक्सन प्रालीले संयुक्त रुपमा रु तीन करोड २६ लाख ७६ हजार पाँच सय ६६ मा ठेक्का सम्झौता गरी निर्माण गरिएको हो । फरक-फरक क्षमताका पाँच कोठा रहेका छन् । दुईतले दश कोठा सहितको प्रशासनिक भवन, अपाङ्गमैत्री शौचालय छ । दुई कोठामा आलु भण्डारण गरिएको छ । कृषि उपज भण्डारण गर्न प्रतिकिलो रु छ शुल्क कायम गरिएको छ । नगरपालिकाले शीत भण्डार सञ्चालनका लागि टेण्डरमार्फत रम्भा गाउँपालिका १ हुँगीका भगवती अधिकारी न्यौपानेलाई रु.दुई लाख पाँच हजारमा एक वर्षको लागि सम्झौता गरी प्रयोगमा ल्याइएको हो ।

# बैतडीमा स्क्रब टाइफसका बिरामी फेला



**बैतडी / मस**-जिल्ला अस्पताल बैतडीमा दैनिक रुपमा स्क्रब टाइफसका बिरामी फेला पर्न थालेका छन् । अस्पतालमा आउने बिरामीमध्ये दैनिक एक दुई जनामा स्क्रब टाइफसको संक्रमण देखिन थालेको अस्पतालमा सूचना अधिकारी हरिश पन्तले जानकारी दिए ।

उनले भने, 'पछिल्लो केही दिनदेखि अस्पतालमा उपचारका लागि आउने बिरामीमध्ये दैनिक एक दुई जनामा स्क्रब टाइफस पोजेटिभ देखिन थालेको छ ।'

पछिल्लो समय दिन प्रतिदिन यहाँ स्क्रब टाइफसका बिरामी देखिन थालेपछि संक्रमणको जोखिम बढ्दै गएको जिल्ला अस्पताल बैतडीका प्रमुख डा. वशन्तराज जोशीले बताए । अस्पतालले ज्वरोका प्रत्येक बिरामीमा क्रब टाइफसको परीक्षण गरिरहेका छ ।

'केही स्क्रब टाइफसका बिरामीलाई अस्पतालमा भर्ना नै गरेर उपचार गर्नुपर्ने अवस्था रहेको छ,' उनले भने, 'दैनिक रुपमा नै देखिनुले यसको जोखिम निकै बढी देखिएको छ । यसबाट बच्न जरुरी छ ।'

जिल्ला अस्पतालमा बढीजसो भाइरल ज्वरोका बिरामीहरू उपचारका लागि आउने गरेका छन्। अस्पतालका सूचना अधिकारी पन्तका अनुसार विगतका वर्षमा फाट्टफुट्ट मात्र देखिए पनि यस वर्ष स्क्रब टाइफसका बिरामीको संख्या बढेको छ ।

गत साउनदेखि हालसम्म जिल्लामा ४५ जनामा संक्रमण देखिसकेको छ । 'वर्षा यामको सुरुबाटै बिरामीको संख्या बढेको छ,' उनले भने, 'साउनदेखि हालसम्म ४५ जनामा स्क्रब टाइफस पुष्टि भइसकेको छ ।

जिल्लाका सबै स्थानीय तहबाट आएका बिरामीमा स्क्रब टाइफस देखिने गरेको छ । त्यसमध्येबाट पनि सदरमुकामस्थित दशरथचन्द नगरपालिका र दोगडाकेदार गाउँपालिकाबाट उपचारका लागि जिल्ला अस्पतालमा उपचारका लागि आएका बिरामीमा बढी यो रोग देखिएको सूचना अधिकारी पन्तले बताए । वर्षातमा किर्नालगायतका किराहरूले टोक्ने भएकाले स्क्रब टाइफसका बिरामीहरू पनि देखिने गरेका अस्पतालका प्रमुख डा. जोशीले बताए ।

### स्क्रब टाइफसको लक्षण


नेपाल सरकारले कोभिड-१९ सँग मिल्दोजुल्दो लक्षण भएको स्क्रब टाइफस रोग देखिन थालेको जनाएको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले विज्ञप्ति जारी गर्दै कोभिड-१९ का लक्षणसँग मिल्दोजुल्दो रोग स्क्रब टाइफस देखिन थालेकोले उक्त रोगसँग सचेत रहनसमेत अनुरोध गरेको छ । स्क्रब टाइफसमा मानिसलाई उच्च ज्वरो आउने, आँखा रातो हुनु, खोकी, वान्ता, पेट दुखाइ र पखाला सताउनु, सास फेर्न समस्या हुनु धेरै टाउको दुख्नु जोर्नी र मांसपेशी दुख्नु, बिमिरा देखिनु, टोकेको ठाउँमा कहिलेकाहीँ कालो दागजस्ता लक्षण देखिने गर्दछ ।

स्क्रब टाइफस 'ओरिन्सिया सुसुगामासी' जीवाणुले संक्रमित एक प्रकारको सानो किर्नाको टोकाइबाट मानिसमा सर्ने रोग हो। स्क्रब टाइफसले मस्तिष्क, कलेजो, फोक्सोलगायतमा संक्रमण र कहिले काहीँ बहुअंग विकार (मल्टी अर्गन डिल्फसन)को अवस्था पनि सिर्जना हुन सक्ने छ।

### कसरी बच्ने ?

किर्नाको टोकाइबाट बच्न खेत, झाडी वा वनजंगलमा जाँदा लामो बाहुला भएको कपडा र उपयुक्त जुत्ता लगाउने र शरीरको खुला भागमा कीटनाशक मलमको प्रयोग गर्नु पर्छ । यस्तै, घर वरिपरिका खेताबारीमा घाँस धेरै बढ्न नदिने र वातावरण सफा राख्ने, मुसा नियन्त्रणका लागि उपयुक्त किसिमको अन्न भण्डारण गर्नुपर्ने हुन्छ ।

# कैलालीमा पहिरो पीडितको बिचल्ली



**कैलाली / मस**- कैलालीको चुरे गाउँपालिकाका पहिरो पीडित परिवार अझै बिचल्लीको अवस्थामा छन् ।

दुई वर्षअघि गएको पहिरोबाट पीडित अहिलेसम्म पनि जंगलमै बसिरहेका छन्। पहिरोबाट प्रभावित नागरिकले सरकारले सुरक्षित स्थानको व्यवस्था गर्नुपर्ने माग गरेका छन्।वैज्ञानिक मापदण्डविपरीत वर्षेनि सडक खनिन थालेपछि कैलालीको चुरे गाउँपालिकाका विभिन्न वडामा पहिरोको जोखिम बढिरहेको छ। पहिरोको कारणले गाउँ नै विस्थापित भइरहेका छन् ।

# यस वर्ष फूल उत्पादनमा कमी

**काठमाडौं / मस**- यस वर्ष फूल उत्पादनमा कमी आए पनि माग बढेको छ । कारोना महामारीका कारण यस क्षेत्रका व्यवसायीले विगतका वर्षमा झैं लगानी नगरेकाले फूल उत्पादनमा कमी आएको हो ।

फूल लगाउने समय फागुनदेखि साउनसम्म रहेको र उक्त समयमा कोरोनाको कारण व्यवसायीले लगानी गर्न सकेका थिएनन्, जसको असर फूल उत्पदनमा पनि देखिएको छ, फ्लोरिकल्चर एशोसिएशन नेपालका अध्यक्ष मीनबहादुर तामाङले बताए ।

उनका अनुसार माग बढी र उत्पादन कम भएपछि यस वर्ष तिहारको समयमा भारतबाट सयपत्री फूलको माला विगत वर्षको तुलनामा धेरै ल्याइनेछ ।

यस वर्ष विगत दुई वर्षको तुलनामा १५ प्रतिशत फूलको माग रहेको बताइएको छ । कारोनाका कारण दैनिकरुपमा रु एक करोडको नोक्सान व्यहोरिरहेको पुष्प व्यवसायले अहिले दैनिक करिब रु ५० लाखको कारोबार गर्न थालेको छ । कोरोना महामारी हुनुभन्दा पहिले असोजदेखि फागुन महिना फूलको बढी कारोबार हुने मौसम हो । अहिले राम्रोसँग कारोबार हुने समय पनि भएको र कोरोना संक्रमणदर पनि विस्तारै हट्दै गइरहेकाले यस व्यवसायले गति समाएको हो । विश्वभरि फैलिएको कोरोना महामारीको एकपछि अर्को लहर आउँदा यस व्यवसायले विगत डेढ वर्षदेखि नै राम्रो आम्दानी गर्न नसके पनि पछिल्लो समय विस्तारै तङ्ग्रिन थालेको छ ।

त्रासकै बीच लामो समयदेखि बन्द रहेको अन्य केही व्यवसाय विस्तारै खुला हुन थालेसँगै उक्त व्यवसायले पनि लय समातेको हो । अझै पनि मठमन्दिर, होटल, पार्टी प्यालेस र पर्यटन व्यवसाय पूर्णरूपमा सञ्चालनमा नआएका यस क्षेत्रले नोक्सानको सामना गर्नुपरेको फ्लोरिकल्चर एशोसिएशन नेपालले जनाएको छ ।

पछिल्ला वर्षमा सयपत्री फूलमा देश आत्मनिर्भर हुँदै गएको छ । मुख्यगरी तिहारमा प्रयोग हुने सयपत्री, मखमली र गोदावरी फूलमध्ये केही सयपत्री फूलको माला भारतबाट ल्याउने गरिएको छ ।

# चाडपर्व लक्षित सुरक्षा योजना




**वाग्मती / मस**- मकवानपुर जिल्ला प्रशासन कार्यालयले दसैं, दिपावली र छठ पर्वलाई लक्षित गरी सुरक्षा योजना बनाएको छ । नेपालीको प्रमुख चाडपर्वका बेला जिल्लाभित्र शान्तिसुरक्षा कायम राख्न र कोभिड-१९ का कारण जनस्वास्थ्यको सुरक्षाका लागि पनि उक्त योजना ल्याइएको हो ।

कार्यालयद्वारा जारी सुरक्षा योजनाअनुसार सार्वजनिक यातायातका साधनमा कोभिड-१९ को संक्रमणको जोखिम बढ्ने गरी क्षमताभन्दा बढी यात्रु राख्न रोक लगाइने र आवतजावतका क्रममा यात्रु ठगिने अवस्था आउन नदिन तथा हैरानी हुने अवस्था आउन नदिन हेटौंडा उपमहानगरपालिका क्षेत्रको बसपार्क र चौकी टोलमा रहेको सुमो काउन्टरमा ट्राफिकसहितको चाडपर्व लक्षित नागरिक सहायता कक्ष सञ्चालन गरिने बताइएको छ । यसैगरी ट्राफिकमार्फत सचेतनामूलक सन्देश जारी गरिनाका साथै बजारमा हुनसक्ने कालोबजारी, अस्वाभाविक मूल्यवृद्धि र कृत्रिम अभाव हुन नदिन अनुमन गरी कारवाही गरिने प्रमुख जिल्ला अधिकरी भरतमणि पाण्डेले बताए । त्यस्तै कोभिड सङ्क्रमणको जोखिमीलाई ध्यानमा राखी सबै प्रकारका मेला, महोत्सव ,सांगीतिक कार्यक्रम, चिट्ठा बिक्रीवितरण एवं चिट्ठा खोल्ने कार्यक्रममा पूर्ण रोक लगाइने भएको छ । जुवा, तास र कौडा खेल्ने कार्य रोक्नाका लागि निरन्तर अनुगमन गरिने र मठमन्दिरलगायत अन्य धार्मिकस्थलमा जनस्वास्थ्यका मापदण्ड अवलम्बन गरी गराउन भिडभाड नहुने स्थिति सिर्जना गरिने बताइएको छ। सुरक्षित एवं भयरहित वातावरणमा जनस्वास्थ्य मापदण्डको पालना गर्दै चाडपर्व मनाउन पनि कार्यालयले अनुरोध गरेको छ ।

# जेष्ठ नागरिकलाई निःशुल्क सिम

**रमन वन सोलुखुम्बु / मध्यान्ह**
सोलुखुम्बु, १६ असोज

नेपाल टेलिकमले ६० वर्षमाथिका जेष्ठ नागरिकहरुलाई निःशुल्क वितरण गर्ने सिम कार्ड लिन सोलुखुम्बुमा पहिलो दिन कोहि नआएको बताइएको छ ।

अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवसको अवसरमा शुक्रबारबाट वितरण गर्न शुरु गरेको सिमकार्ड लिन पहिलो दिन कोही नआएको नेपाल टेलिकम शाखा कार्यालय सल्लेरीले जनाएको छ ।

पहिलो दिन भएकाले जेष्ठ नागरिकहरुलाई जानकारी नभएर पनि सिम लिन नआएको हुन सक्ने कार्यालय प्रमुख महमद अकबर अलीले बताए ।

टेलिकमले नेपाल टेलिकमले देशभरका ज्येष्ठ नागरिकलाई सम्मान स्वरूप असोज १५ गतेदेखि २५ गते सम्म निःशुल्क सिम प्रदान गर्न शुरु गरेको हो ।

यस सिममा १० रुपैयाँ ब्यालेन्स हुनुका साथै ४० मिनेट कुराकानी गर्ने, २० वटा सन्देश पठाउने र ६० एमबी डाटा प्रयोग गर्न सकिने सुविधा एक महिनासम्म उपलब्ध हुनेछ ।

निःशुल्क सिम कार्डका लागि लागि एक प्रति पासपोर्ट साइजको फोटो, परिचय र उमेर खुल्ने प्रमाणपत्र (जस्तै, नागरिकता प्रमाणपत्र, जेष्ठ नागरिकको परिचयपत्र) को प्रतिलिपि संलग्न गर्नुपर्ने छ ।

### एमाले ....

बामगतीका पोखरेलले एमसीसीबारे पार्टी धारणा प्रष्ट नहुँदा कार्यकर्ता पंक्तिमा अन्योल रहेका बताए । पार्टी पदाधिकारी संख्या बढाउनुपर्ने पनि सुझाव राखिएको छ । आइतबार एमालेको विधान महाधिवेशन सकिदैछ । यो विधान महाधिवेशनलाई एमालेले संगठनात्मक संरचना र राजनीतिक कार्यदिशा तय गर्ने महाधिवेशनका रुपमा लिएको छ ।

२ भदौमा मात्रै पार्टी विभाजित भएकाले थप क्षति हुन नदिनेगरी अगाडि बढ्नुपर्ने अधिकांश नेताहरुको सुझाव छ । प्रतिनिधिसभाको सवैभन्दा ठूलो दल एमालेले आगामी मंसिर १०-१२ मा दशौं महाधिवेशन गर्दैछ । त्यसैको तयारी अन्तर्गत विधान महाधिवेशन गरिरहेको छ ।

### प्रक्रिया...

माओवादी केन्द्रले निर्णय गरेको छ। आगामी पुस ११-१३ गते राष्ट्रिय सम्मेलन गर्ने तयारी गरिरहेको माओवादी केन्द्रले सबै कमिटीमा निर्वाचित नेतृत्व र चुस्त कमिटीको नीति अपनाउने निर्णय गरेको छ । पार्टी कमिटीको उक्त निर्णय मातहतका कमिटीलाई निर्देशन दिइएको छ । तर वाईसीएल र अखिल क्रान्तिकारीको नेतृत्व चयनमा भने पार्टीको हस्तक्षेप भएको छ । वाईसीएल जस्तै अखिल क्रान्तिकारीको नेतृत्व चयन पनि पेरिसडाडाँबाट हुने भएको छ । अर्थात्, लोकतान्त्रिक प्रणाली अनुसार, सम्मेलनले नेतृत्व चयन गर्न सकेन ।

### वैदेशिक...

अनुसन्धानमा देखिएको बताए । नेपालबाट वैधानिक रूपमा जान प्रतिबन्ध लागाईएपछि धेरै महिला अवैध तरिकाले भारतीय विमानस्थल हुँदै खाडी तथा अन्य मुलुक पुगिरहेको भन्दै उनले यसले जोखिम बढाएको बताए । उनले गण्डकी प्रदेशका धेरैजसो युवा खाडी मुलुक जाने गरेको पाइएको भन्दै उक्त प्रदेशबाट वैदेशिक रोजगारीमा गएका मध्ये ८० प्रतिशत खाडी तथा मलेसिया जाने गरेको पनि बताए ।

### मलेसियामा...

माझी, स्वारना-८ गोरखा निवासी पुर्णबहादुर भट्ट क्षेत्री गरि ७ जनाको शव नेपाल ल्याइएको हो ।

कोरोना लगायत अन्य जटिल रोगले मृत्यु भई शव नेपाल ल्याउन नमिलेका फिदिम-९ पाँचथर निवासी मन कुमार तामाङ, डाँडाँखर्क-४ धादिङ निवासी हर्क बहादुर घले,ढक्नेश्वरी-७ ब्रम्हपुर सप्तरी निवासी रुद्र कान्त राय, फाकुम्बा-८ ताप्लेजुङ निवासी बल बहादुर लिम्बु, गोरखा-११ निवासी दिल बहादुर आले मगरको मलेसियामा नै अन्तिम संस्कार गरि अस्तु नेपाल पठाएको दूतावासले जानकारी दिएको छ ।

उता दक्षिाण कोरियाको ईन्छनस्थित सोङ्दोको एक अपार्टमेन्टबाट खसेर एक नेपाली कामदारको मृत्यु भएको छ। अपार्टमेन्टका बाहिरी भागमा रहेको सिसा पुछ्ने खसेर २९ बर्षिय नेपाली कामदारको मृत्यु भएको हो । उनको नाम भने खुलाईएको छैन । मृतकको टाउकोमा ठुलो चोट लागेको छ । ईन्छन् प्रहरीले प्रहरीले कम्पनीले सुरक्षा सम्बन्धी मापदण्ड पालना गरे नगरेको बिषयमा अनुसन्धान थालेको बताएको छ ।

### तिहार...

१२ र २९ गतेको विनाशकारी भूकम्पले केही मात्रामा क्षति पुगेको घण्टाघर पुनर्निर्माणका लागि पुरातत्व विभागको सहमतिमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) तयार गरिसकेको छ । त्यसलाई तत्कालिन ओली नेतृत्वको मन्त्री परिषद्ले समेत स्विकार गरिसकेको छ। त्यही डीपीआर अनुसार, निर्माण गरिने बताइएको छ ।

देउवा प्रधानमन्त्री भएपछि सरकारले प्राधिकरण खारेज गर्ने निर्णय भइसकेको छ। त्यहीअनुसार, अहिले प्राधिकरणका कार्यकारी निर्देशक शुशील ज्ञवाली लगायत अधिकारीहरु सरकारलाई प्राधिकरणको दायित्व हस्तान्तरणको लागि व्यस्त छन् । पुनर्निर्माण प्राधिकरण खारेज भएपछि काठमाडौं उपत्यका विकास प्राधिकरणलाई धरहरा पुर्ननिर्माणको सम्पूर्ण जिम्मेवारी दिने तयारी भैरहेको बताइएको छ ।

उक्त डिपीआर अनुसार, पुनर्निर्मित घण्टाघरको उचाई र स्वरुप अहिलेको जस्तै हुने भएको छ। घण्टाघर अहिले जुन स्थानमा छ, त्यहीँ पुनर्निर्माण हुनेछ। निर्माण शुरु भएको डेढ वर्षमा निर्माणको काम सकिने प्राधिकरणका अधिकारीहरुले जानकारी दिएका छन् ।

**त्रिचन्द्र कलेजको पुनर्निर्माण कसरी हुनेछ ?**

घण्टाघरसँगै रहेको त्रिचन्द्र कलेजको पुरानो भवन समेत पुनर्निर्माण गर्ने योजना छ ।

अहिले परामर्शदाताले काम गरिरहेका छन् । पुनर्निर्माण प्राधिकरणका सीइओ ज्ञवालीका अनुसार चार तलाको भवन बनाउन पूर्व तयारी प्राधिकरणले गर्नेछ भने निर्माण कार्य शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले अगाडि बढाउने छ । 'यो भवन अण्डर ग्राउण्डसहित अधिकतम चार तलाको बन्नेछ र घण्टाघर भन्दा होचो हुनेछ,' सीइओ ज्ञवालीले भनेका छन् ।घण्टाघर काठमाडौं महानगरको मध्य भागमा अवस्थित घडी भएको भवन हो। यो राणा प्रधामन्त्री वीर सम्शेरले बनाउन लगाएका हुन्। हाल यो त्रिचन्द्र कलेजको परिसरमा पर्दछ। यद्यपि यो पुरातत्त्व विभाग अन्तरगत सञ्चालित छ । र, सुरु भयो-त्यस घरको घडीले १२ बज्दा बाह्रपल्ट ' टिङटिङ टिङटिङ' गरेपछि टुँडिखेलमा सेनाले तोप पड्काएर १२ बजेको जनाउ दिने चलन। त्यतिबेला समय सुचकको एक मात्र पर्याय बनेको ऐतिहासिक र पुरातात्विक महत्वको घण्टाघरको आवाज सुनेरै तोप पड्काउने चलनले ०५२ सालसम्म निरन्तरता पायो । त्यसपछि तोप पड्काउन बन्द भए पनि 'टिङटिङ टिङटिङ' गर्ने घडीलाई बन्द हुन दिएका छैनन् गणेश सापकोटाले, जो ३२ वर्षदेखि यही घडीको रेखदेखमा छन्। उनको अवकाशसँगै ५ वर्षपछि यो घडी चुस्तदुरुस्त राख्न सक्ने दक्ष जनशक्ति अरु भेट्न मुस्किल छ ।

**दुधौली नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**दुधौली, सिन्धुली**
**बागमती प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशित मितिः २०७८/०६/१७**

यस दुधौली नगरपालिका नगर कार्यपालिकाको कार्यालयको आ.व. २०७७/०७८ अन्तर्गत मिति २०७८/०३/१३ मा प्रकाशित सूचना ठेक्का नं. DMUN–19–077/78 को आर्थिक प्रस्तावको आशयपत्रको सूचना http://www.dudhaulimun.gov.np बाट डाउनलोड गर्न/हेर्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

# 'गलैंचा उद्योगको विकासका लागि सरकारले ध्यान दिन जरुरी'

**काठमाडौं/मस–** नेपाल गलैंचा उत्पादक तथा निकासीकर्ता संघको चौथो वार्षिक साधारण सभा सम्पन्न भएको छ। बिहीबार गण्डकी प्रदेशका सासंद एंव संघका अध्यक्ष रामबहादुर गुरुङको अध्यक्षतामा नेपाली गलैचा उद्योगको सम्वर्द्धन, प्रवर्द्धन, विस्तार तथा विकासका योजनाहरुको विषयहरुमा छलफल गर्दै साधारण सभा सम्पन्न भएको हो।

कोभिड महामारीले निम्त्याएको प्रतिकुल अवस्थामा समेत गलैंचा उद्योगहरुले आफ्नो व्यवसायीक गतिविधिलाई निरन्तरता दिइ राष्ट्रिय अर्थतन्त्रमा योगदान पुऱ्याउन सफल भएको संघका अध्यक्ष रामबहादुर गुरुङले बताए। गलैंचा उद्योगको विकास र प्रवर्द्धनका निमित्त नेपाल सरकारले थप ध्यान दिएमा उद्योगको दीर्घकालीन विकास हुन सक्ने उनले विश्वास व्यक्त गरे।

यस्तै संघका उपाध्यक्ष समिक विक्रम शाहले नेपाल सरकारले कृषि क्षेत्रलाई ऋण प्रदान गर्दै आइरहेको र सोही अनुसार सरकारले गलैंचा क्षेत्रलाई पनि ऋण उपलब्ध गराइ गलैंचा उद्योगलाई विस्तार गर्नेतर्फ ध्यान दिनुपर्नेमा जोड दिए। नेपाली गलैंचा उद्योगले मुलुकमा श्रृजना गरेको रोजगारीको



तथयांक अध्ययन गरेरपनि सरकारले गलैचा उद्योगको विस्तारको लागि ऋण उपलब्ध गराउनुपर्ने उनको भनाइ थियो।

नगद अनुदान सम्बन्धी कार्यविधि २०७५ संशोधनका आधारमा नेपाली गलैंचा व्यवसायीहरुले ५ प्रतिशत मात्र अनुदान र कम प्राप्त गर्ने गरेका छन्। तर कार्यविधिको सार अनुरुप नेपाली गलैंचाको मुल्य अभिवृद्धि ७० प्रतिशत भन्दा बढी हुने भएतापनि नेपाली गलैंचालाई मुल्य अभिवृद्धि न्यूनतम ३० प्रतिशत हुने वस्तुहरुसँग तुलना गरी कार्यविधिको अनुसूची २ मा उल्लेख गरिएको छ। नेपाली गलैंचा क्षेत्रलाई मुल्य अभिवृद्धिका आधारमा थप प्राथमिकतामा राख्न निरन्तर प्रयासरत रहेको संघका महासचिव दावा शेर्पाले जानकारी गराए। नेपाली गलैंचा क्षेत्रलाई कार्यविधिको अनुसुचि १ मा उल्लेख गर्न सके गलैंचा व्यवासयीहरुले प्राप्त गरिरहेको अनुदान रकममा वृद्धि हुने सक्ने उनले विश्वास व्यक्त गरे।

नेपाली हस्त निर्मित गलैंचाले अन्तर्राष्ट्रिय बजारमा राम्रो छाप छोड्न सफल भएको छ। तर राज्यको सही सहयोग र समर्थन नपाएकाले अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सकेको छैन। नेपाली गलैंचा उद्योगले उचित फाइदा लिन नसक्दा गलैंचा उद्योगका मजदुरहरु लाभान्वित हुन सकेका छैनन्। विश्व बजारमा नेपाली गलैंचाको सामूहिक व्यापार चिन्ह दर्ताको प्रक्रिया अगाडि बढिसकेको छ। अमेरिका, युरोपियन युनियन र बेलायत जस्ता राष्ट्रहरुमा नेपाली गलैंचाको सामूहिक व्यापार चिन्ह दर्ता गर्ने प्रक्रिया अगाडि बढाएको संघले जनाएको छ।

## सिन्धुपाल्चोक डायरी

**देवराज सुवेदी/मध्यान्ह**

# नेपाली कांग्रेसद्वारा हेलम्बुका बाढी पीडितलाई सहयोग

नेपाली कांग्रेस प्रतिनिधिसभा निर्वाचन क्षेत्र नं. २, विपद व्यवस्थापन समिति सिन्धुपाल्चोकको समन्वयमा शनिबार मेलम्ची र हेलम्बुका बाढी पीडितहरुलाई राहत वितरण गरिएको छ। मेलम्ची नगरपालिकाको मेलम्ची बजार र तालामाराङ तथा हेलम्बु गाउँपालिकाको ग्याल्थुम बजारमा पुगि शनिबार नगद रु ७ लाख ५० हजार वितरण गरेको हो। विभिन्न निकायमार्फत नेपाली कांग्रेस प्रतिनिधिसभा निर्वाचन क्षेत्र नं. २, विपद व्यवस्थापन समितिलाई प्राप्त भएको उक्त नगद क्षेत्र नं. २ का सभापति आइतमान तामाङको संयोजकत्वमा नेपाली कांग्रेस जिल्ला सभापति विकास लामा, जिल्ला सहसचिव अनुप न्यौपाने, इन्द्रावति गाउँपालिकाका प्रमुख बंशलाल तामाङ, जिल्ला सदस्यद्वय पेम्बा ग्यालजेन शेर्पा र सीपी चौलगाईं, युवा नेता राजेन्द्र बहादुर गोर्खाली, जिल्ला सदस्य गणेश बिक्रम सिलवाल, क्षेत्रीय सदस्य किरणदिप खड्का, क्षेत्रीय प्रतिनिधि कुमार दुलाल लगायतको उपस्थितिमा शनिबार राहत वितरण गरिएको हो।



गत असार १ र साउन १६ मा मेलम्ची हेलम्बु नदीमा आएको बाढीले घर बगाएकाहरुलाई मात्रै शनिबार नगद सहयोग गरिएको र जग्गा तथा पसल बगाएकाहरुलाई अर्को व्यवस्था गरिने संयोजक तथा नेपाली कांग्रेस प्रतिनिधिसभा निर्वाचन क्षेत्र नं. २ का सभापति आइतमान तामाङ 'ज्ञानु'ले मध्यान्हलाई जानकारी दिए। राहत वितरण अन्तर्गत मेलम्ची बजारमा ४६ घर परिवारलाई रु. ४ हजारका दरले नगद वितरण गरिएको थियो भने तालामाराङमा एकमुष्ट १ लाख नगद वडा सभापतिलाई जिम्मा लगाइएको थियो। त्यस्तै हेलम्बु गाउँपालिकाका लागि एकमुष्ट ३ लाख ५० हजार प्रत्येक वडाका सभापतिहरुलाई जिम्मा लगाइएको र मेलम्ची ५ सिन्धुकोटका पहिरो पीडित ५ घरधुरीलाई ४ हजारका दरले नगद २० हजार सहयोग गरिएको पनि तामाङले बताए।

राहत वितरण कार्यक्रममा आफ्नो मन्तव्य राख्ने क्रममा नेपाली कांग्रेसका जिल्ला सभापति विकास लामाले नेपालीहरुको महान चाड विजय दशमी तथा शुभ दिपावलीको अवसरमा शुभकामना व्यक्त गर्दै जनताको हरेक दुःखमा नेपाली कांग्रेस सधैं साथमा छ भन्ने सन्देश दिन राहत वितरण गरिएको बताए। लामाले पार्टीले गरेको काममा व्यक्तिको नाम जोडिएकोमा असन्तुष्ट व्यक्त गर्दै एक फरक प्रशंगमा नेपाली कांग्रेस सिन्धुपाल्चोकको पार्टी भित्र कुनै विवाद नरहेको तर कार्यशैलीमा विवाद रहेकाले केही वडाको अधिवेशन समयमा हुन नसकिएको र हुने क्रममा रहेकोले दशैं लगत्तै पालिका अधिवेशन गरिने र दशैं तिहारपछि जिल्ला अधिवेशन गरिने बताए।

# ३५ विद्यार्थीलाई छात्रवृत्ति

विगत ११ वर्षदेखि हेलम्बु एजुकेशन एण्ड लाइब्लिहुड पार्टनरशिप (हेल्प)ले सिन्धुपाल्चोकका सामुदायिक विद्यालयहरुबाट एसईई उत्तीर्ण गरी कक्षा ११ र १२ पढ्न विद्यार्थीहरुलाई हरेक वर्ष छात्रवृत्ति दिँदै आएको छ।

यो वर्ष पनि ३५ जना विद्यार्थीलाई २ वर्षका लागि विभिन्न संकायमा अध्ययन गर्नका निम्ति मद्दत पुऱ्याउन छात्रवृत्ति दिएको छ। छनोटमा पर्नका लागि हरेक विद्यार्थीसँग तीनवटा निबन्धसँगै विद्यालय र सम्बन्धित वडाको सिफारिशसहित अन्तर्वार्ता लिइएको थियो। यो वर्ष २५ विद्यालयका १५० जना विद्यार्थीले आवेदन दिएका थिए। छात्रवृत्तिमा परेका ३५ जना विद्यार्थीले जनही ५० हजार रुपैयाँ बराबर सहयोग पाउँनेछन्। यसका अतिरिक्त यो वर्ष कोभिड महामारी र बाढी–पहिरोका कारण पीडित थप २० जना विद्यार्थीलाई जनही रु. १५,००० का दरले एक वर्षे बर्सरी (राहत सहयोग) दिइएको छ। छात्रवृत्ति पाएका ३५ जनाबाहेक सातकन्या माविकी संगीता तामाङलाई ५५ हजार रुपैयाँबराबरको विशेष छात्रवृत्ति प्रदान गरिएको छ। छात्रवृत्तिका निम्ति आवेदन दिन निर्धारित समय सकिसकेको अवस्थामा पनि उनको पारिवारिक पृष्ठभूमिलाई ख्याल गरी विशेष छात्रवृत्ति दिइएको हो। अस्वस्थ बुवाआमा, कमजोर परिस्थिति भएपनि पढ्ने उनको धोको पूरा गर्न हेल्पले विशेष छात्रवृत्ति प्रदान गरेको हो।

छात्रवृत्ति छनोटका लागि हेल्पले इभा मानन्धर, सीता थापा, रञ्जना गौतम, निरुता श्रेष्ठ र कर्चुङ्ग शेर्पाको एक समिति बनाई करिव एक महिनासम्म आवेदन पढ्नेदेखि अन्तर्वार्ता लिनेसम्मको व्यवस्था मिलाएको थियो।

काठमाडौंको धुम्बाराहीस्थित अकमा होटलमा एक कार्यक्रम गरी शनिबार यो छात्रवृत्ति नेपाली कांग्रेसका महामन्त्री डा. शशांक कोइरालाको उपस्थितिमा वितरण गरिएको हो। कार्यक्रममा डा. कोइरालाले 'विद्यार्थीहरुभविस्यको कर्णधार रहेकोले मेहनत गरेर अध्ययन गर्न आग्रह गरे। छात्रवृत्ति वितरण समारोहमा संस्थाका सहयोगी पूर्व मिस नेपाल अनुष्का श्रेष्ठ र अर्का सहयोगी नीतिशाला नेपालका अध्यक्ष शिशिर खनालले विद्यार्थीहरुलाई हौसला प्रदान गरेका थिए। अर्का सहयोगी नीतिशाला नेपालका अध्यक्ष शिशिर खनालले विद्यार्थीहरुलाई हौसला प्रदान गरेका थिए।



कार्यक्रममा हेल्पले यो वर्ष संस्थाका संस्थापकमध्ये एक र नुर्बुलिंग माणेचौर माध्यमिक विद्यालयका व्यवस्थापन समितिका अध्यक्ष हेलम्बु–२ सुगेन्चे निवासी श्री छिरिङ्ग लामालाई 'शैक्षिक सम्मान' द्वारा विभूषित गरेको थियो। छिरिङ्गले १० वर्षदेखि निरन्तर रुपमा नुर्बुलिंग माणेचौर माध्यमिक विद्यालयको चौतर्फी शैक्षिक विकासको लागि उल्लेखनीय योगदान दिँदै आएका छन्।

झण्डै बन्द हुने अवस्थामा पुगेको सो माविले उहाँकै नेतृत्व र समुदायको पहलबाट अहिले हेलम्बुमा सफल विद्यालयको चिनारी पाएको छ। यस्तै, कार्यक्रममा हेल्पले मेलम्चीघ्याङ्गका प्रधानाध्यापक पूर्ण गौतम, यांग्रिमा विद्यालयका संस्थापक गोपाल लामा, रिसांकुमाणे आधारभूत विद्यालयका शिक्षक तेजनाथ भण्डारी र भोटेनाम्लाङ्ग माविका विद्यालय व्यवस्थापन समिति अध्यक्ष सुके तामाङ्गलाई अघिल्ला वर्षहरुमा शैक्षिक सम्मान गरेको थियो। छात्रवृत्ति पाउने सबै विद्यार्थीलाई हेल्पले आर्थिक सहयोग बाहेक दुई बर्षसम्म नेतृत्व विकास तथा सीपसम्बन्धी विभिन्न अवसरहरु सिर्जना गर्नेछ। यो वर्ष छात्रवृत्ति पाएका ४ जना विद्यार्थीहरुलाई भने हेल्पले अर्को गैरसरकारी संस्था समानता फाउण्डेशन र दोस्टेलसँग मिली खाना–बस्नका लागि पूरै व्यवस्था मिलाएको छ। हेल्पबाट हालसम्म ५३० जना विद्यार्थीलाई पूर्ण वा आंशिक छात्रवृत्ति प्रदान गरिसकिएको छ। जसमध्ये आजको कार्यक्रम सञ्चालिका मेलम्ची–९ बाँसबारीकी सुष्मिता तामाङ पूर्व छात्रवृत्ति पाएका विद्यार्थीहरुमध्ये एक हुन्। उनी हाल जुगल गाउँपालिकाको हगाममा स्वास्थ्यकर्मीका रुपमा काम गर्छिन्। यस्तै,स्वागत मन्तव्य दिने पूर्णी तामाङ पनि हेल्पको पूर्व छात्रवृत्ति विद्यार्थी हुन्। हाल उनी काठमाडौंमा एक कार्गो कम्पनीमा काम गर्छिन्। राजनीतिमा रुचि राख्दै पूर्णी एक साताअघि मात्रै आफ्नो वडाबाट नेपाली कांग्रेसको क्षेत्रीय प्रतिनिधि पदमा निर्वाचित भएकी थिइन्। यसैगरी, सेन्ट जेवियर्सबाट १२ कक्षाको जाँच दिएर बसेकी दुवाचौरकी सन्ध्या पुरीको डाक्टर बन्ने चाहना छ। केही वर्ष अघि उनले पनि हेल्पबाट छात्रवृत्ति पाएकी थिइन्।

हेल्पले वर्षेनी प्रदान गर्ने छात्रवृत्ति तथा शैक्षिक कार्यक्रमहरुमा नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं नेता डा. शेखर कोइराला, प्रतिनिधिसभाका सांसदहरु गगन थापा, डा. मिनेन्द्र रिजाल, शेरबहादुर तामाङ, बागमति प्रदेशसभा सांसदहरु युवराज दुलाल, निमा लामा, शिक्षाविद् प्रा.डा. विद्यानाथ कोइराला, राष्ट्रिय योजना आयोगका पुर्व उपाध्यक्षद्वय डा. स्वर्णिम वाग्ले र डा. गोविन्द पोखेल, शिक्षा मन्त्रालयका सहसचिव डा.हरि लम्साल र उपसचिव गेहनाथ गौतम, नेपाली चलचित्रका महानायक राजेश हमाल, नेपाल विद्युत प्राधिकरणका प्रबन्ध निर्देशक कुलमान घिसिङ, अभियन्ताहरु स्वस्तिका श्रेष्ठ, श्रृष्टि केसी, लेक्स लिम्बु, हवाई कप्तान विजय लामा, विमान चालक श्रवन रिजाल, नायिका रेखा थापा र ऋचा शर्मा, गायक यश कुमार, हास्य कलाकार सन्दिप क्षेत्रीलगायत विभिन्न क्षेत्रका प्रतिष्ठित व्यक्तित्वहरु सहभागी भई विद्यार्थीहरुलाई प्रेरणादायी हौसला प्रदान गरेका थिए।

छात्रवृत्तिबाहेक हेल्पले 'साथी शिक्षक' नामक कार्यक्रमद्वारा आधारभूत तहको शैक्षिक अवस्थामा गुणात्मक परिवर्तन ल्याउन काम गर्दै आएको छ। हाल हेल्पले स्थानीय सरकारसँग साझेदारी गरी मेलम्ची नगरपालिका र पाँचपोखरी गाउँपालिकाका १० विद्यालयहरुमा १८ जना 'साथी शिक्षक'हरुलाई पदस्थापन गरेको छ। यसैगरी, हेल्पले नेपालका १५ जिल्लाहरुमा १८,००० भन्दा धेरै बालबालिकाहरुलाई शैक्षिक सामग्री वितरण गरेको छ। विगतमा हेल्पले भूकम्प पछि सिन्धुपाल्चोकमा १३ विद्यालयहरुको पुनर्निर्माण गर्न प्रत्यक्ष सहयोग गरिसकेको छ।

हेल्पका सह–संस्थापक जिमी लामाले २० वर्ष अघि एसएलसीपछि काठमाडौंमा कक्षा १२ मा पढ्न आउँदा आफैंले भोगेको अनुभव, त्यतिबेला मिलेको सहयोग र पछि हेलम्बुका केही विद्यार्थीहरुले एसएलसीमा राम्रो अंक ल्याएरपनि आर्थिक अभावका कारण पढाइ छोड्ने अवस्थामा पुग्दा 'उनीहरुलाई केही न केही सहयोग पुऱ्याऊँ' भन्ने उद्देश्यसँग हेल्पको यो अभियान गाँसिएको छ। त्यही सानो प्रयासले आज एक दशकभन्दा लामो यात्रा तय गरिसकेको छ।

## प्रवास डायरी

**तिलु शर्मा पौडेल/मध्यान्ह**

# मोना यूएईको स्नेह मिलन कार्यक्रम सम्पन्न

प्रवासी म्याग्देलीहरुको साझा सामाजिक संस्था मोना दुबईले परिचयात्मक स्नेह मिलन कार्यक्रम सम्पन्न गरेको छ। दुबईको क्रीक धौक्रुजमा एक कार्यक्रमको आयोजना गर्दै म्याग्दी प्रवासी नेपाली संघ (मोना) अन्तर्राष्ट्रिय कार्यकारी समितिका निवर्तमान प्रवक्ता तथा ब्रिटिस सरकारका काउन्सिलर एवं कार्यक्षमता प्रमुख अतिथि प्रवेश केसीसँग मोना युएईले स्नेह मिलन कार्यक्रम सम्पन्न गरेको हो।




संस्थाका अध्यक्ष सुवास राम्जालीको सभापतित्वमा सम्पन्न कार्यक्रममा बोल्दै प्रमुख अतिथि केसीले कार्यक्रम अविस्मरणीय र सधैँ मनमा रहने बताउँदै आफ्नो कर्मथलो युकेमा पनि मोना दुबईका परिवारलाई भव्य स्वागत गर्न पाउनेमा आशावादी रहेको बताए। केसीले युकेमा रहेका म्याग्देली विद्यार्थीहरुलाई आफूले सक्ने जति सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए। कार्यक्रममा विशिष्ट अतिथि रोमियन लिम्बूले आकर्षक नृत्य प्रस्तुत गर्दै कार्यक्रमलाई सङ्गीतमय बनाएकी थिइन्। सचिव नर छन्त्यालको स्वागत मन्तव्य रहेको कार्यक्रमलाई महासचिव काजीमान बुढाथोकीले सहजीकरण गरेका थिए। स्नेह मिलनको समापन गर्दै सभापति राम्जालीले मोना एक परिवार रहेको र जहाँ रहे पनि म्याग्देलीको दुःख सुखमा साथमा र माझमा रहने बताए। उनले स्नेह मिलनले सम्बन्धलाई प्रगाढ बनाउने बताए। कार्यक्रममा मोना यूएईका निवर्तमान तथा वर्तमान कार्यसमितिका पदाधिकारी तथा अन्य म्याग्देलीहरुको उपस्थिति रहेको थियो।

# मलेसियामा एक दशकदेखि गुमनाम म्याग्दीका खत्रीको मोना मलेसियाद्वारा उद्धार

म्याग्दी प्रवासी नेपाली संघ (मोना) मलेसियाले स्थापना भएको छोटो समयमै ठुलो मानवीय सहयोगको कार्य गरेको छ। विदेशिक रोजगारीको लागि म्याग्दी रघुगंगा ३ बाट मलेसिया पुगेर गुमनाम बनेका एक नेत्र विहीन व्यक्तिको उद्धार गरी नेपाल पठाएको छ।



सन् २०११ को नोभेम्बर ११ मा सामाखुसी टाउन प्लानिंगस्थित जव वर्ल्ड ईण्टरनेशनल ओभरसिज प्रा.लि.बाट मलेसियाको लगलभ (एम) एसडीएन बीएचडी कम्पनीमा रोजगारीका लागि गएका रमेश बहादुर खत्री १ वर्ष नपुग्दै कम्पनी छोडी अवैध भएर अन्यत्र काम गर्न लागेका थिए।

आफूलाई मलेसियामा एजेन्टले बेचेको र फलामको काम गर्नु पर्ने, तलब ३ सय रिंगेट पनि नबच्ने भइसकेपछि उनी अवैधरूपमा बसेर काम गर्न लागेका थिए। खत्री अवैध भएसँगै आफ्नो घर परिवारसँग पनि टाढिएका थिए। कसैसँग पनि सम्पर्कमा नरहेका खत्री एकाएक अस्पतालको शैयामा दुबै आँखाको ज्योति गुमाएको अवस्थामा रहेको भनी अस्पतालले क्वालालम्पुरस्थित नेपाली राजदूतावासमा सम्पर्क गरेको दूतावासका अधिकारीले जानकारी दिए।

म्याग्देलीको अवस्था गम्भीर छ भन्ने सूचना पाए लगत्तै अस्पताल पुगेर उनको पहिचान गरी परिवारको खोजी गर्दै उद्धारको लागि पहल गरेको मोना मलेसियाका अध्यक्ष रामचन्द्र केसीले मध्यान्हलाई बताए। केसीले लामो समयदेखि अवैध रहेका खत्रीलाई स्वदेश फर्काउन एनआरएनए मलेसिया र नेपाली राजदूतावास मलेसियाको ठुलो सहयोग रहेको बताए।

कसरी गुम्यो खत्रीको आँखाको ज्योति ?

गुमनाम खत्री गत सेप्टेम्बर ९ तारिक बुकित जालीमा कोरोना विरुद्धको खोप लगाइसकेपछि उनले नरिवल पानी किनेर पिएको बताएका छन्। खत्रीका अनुसार पानी पिएको ३/४ घण्टामा आफूलाई बान्ता भएको र उक्त रात आफु भोकै सुतेको उनले बताए। तर १० तारिक बिहान उठ्दा उनका आँखामा जालीले छोपे जस्तो महसुस भएको र ज्वरो पनि आएको उनले मोना मलेसियाको फेसबुक लाइभमार्फत सबैलाई जानकारी दिएका छन्।

खोपले पारेको असरले होला भनी बसेका खत्रीको भोलिपल्ट बिहान पुरै आँखा बन्द भएसँगै उनी क्वालालम्पुर अस्पतालमा उपचारका लागि पुगेका थिए। उपचारमा संलग्न डाक्टरले परीक्षण रिपोर्टमा खत्रीलाई मादक पर्दार्थमा केही तरल पदार्थ मिलाएर पिलाएको पाइएको मोना मलेसियाको टिम तथा दूतावासलाई लिखित रिपोर्ट बुझाएका छन्।

अवैधरूपमा बसेका खत्रीको पूर्व कम्पनीहरूले बेवास्ता गरेपछि संस्थाले जिम्मा लिँदै उद्धार गरेको मोना मलेसियाले जनाएको छ। खत्रीका गाउँले साथीका अनुसार उनको घरमा श्रीमती र करिब १५ वर्षीया छोरी रहेको मध्यान्हलाई जानकारी दिए। उनको मातापिताको देहान्त भइसकेको छ।

## उपत्यका डायरी

**दिपेन्द्र श्रेष्ठ/मध्यान्ह**

# भाटभटेनीमा बजार अनुगमनः दोषीमाथि कारबाही गरिने

दशैं नजिकिएसँगै भक्तपुर प्रशासनले बजार अनुगमनलाई प्राथमिकतामा राखि अनुगमन थालेको छ। चाडपर्व नजिकिएसँगै खाद्यान्न तथा दैनिक उपभोग्य बस्तुहरुमा जथाभावी मुल्य वृद्धि भएको भन्दै उपभोक्ताहरुको जनगुनासो आएकोले भक्तपुरका मुख्य–मुख्य बजार अनुगमन गर्न थालेको जिल्ला प्रशासन कार्यालय भक्तपुरले जनाएको छ।

भक्तपुरका सहायक जिल्ला प्रमुखको नेतृत्वमा उपभोक्ता मञ्च भक्तपुर, खाद्य तथा गुण नियन्त्रण विभाग र नगरपालिकाको संयुक्त टोलीले बजार अनुगमन गरेको हो। भक्तपुरको राधेराधेमा संचालित भाटभेटेनी सुपरमार्केटमा अनुगमनका क्रममा चिनी तथा खाने तेलमा २० प्रतिशत भन्दा बढी मुनाफा लिई बिक्रीवितरण गरिएको पाइएको छ। त्यस्तै पसलमा मुल्यसूची नराखिएको, खरिद बिल देखाउन नसकेको हुनाले उपभोक्ता संरक्षण ऐन बमोजिम कार्वाही गर्ने सहायक प्रमुख जिल्ला अधिकारी मुकेश कुमार केशरीले बताए। सो अनुगमन टोलीले भाटभटेनीमा रहेको तरकारीको तौल नपुगेको तथा महँगोमा तरकारीहरु बेच्न राखेको भन्दै टोलीले सम्झाइ बुझाइ गरी फर्किएको छ। पछिल्लो अनुगमनमा पनि यस्तो भेटिए कारबाही गरिने केशरीले बताए। हरेक वर्ष चाडपर्व नजिकिँदै गर्दा गरिने यस्तो अनुगमन भने प्रभावकारी हुन सकेको छैन।

# अवल सहकारीको वार्षिक साधारण सभा सम्पन्न

अवल बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १२ औं वार्षिक साधारण सभा तथा वृहत रक्तदान कार्यकम टोखास्थित बानियाँटारमा सम्पन्न भएको छ।



सहकारीको १२ औं वार्षिक साधारण सभाको उपलक्ष्यमा रक्तदान मार्फत जनचेतना फैलाउने र सत्कार्यको निम्ती सदस्यहरु जाग्नुपर्ने भन्दै रक्तदानसहितको साधारण सभा गरेको अध्यक्ष श्रीराम के.सीले बताए। संस्थालाई केन्द्रमा राखेर नीति, विधि अनुसार संस्थाको हितमा सबै सेयर सदस्य र कर्मचारीहरुलाई प्रस्तुत हुन आग्रह पनि गरे। संस्थाका सचिव टेकबहादुर मानन्धरले नीति तथा कार्यकम प्रस्तुत गरेभने टोखा नगरपालिकाका कल्पना शर्मा र वडा अध्यक्ष केशव खत्रीले शुभकामना व्यक्त गरेका थिए।

कार्यकममा बोल्दै सहकारीहरुका छाता संगठन कास्कुनका सचिव तथा प्रमुख अतिथि शालिकराम पुडासैनीले सहकारी जोगाउनको लागी साझा अभियानहरु संचालन गर्नुपर्ने, कर्मचारीहरुलाई समय सापेक्ष तालिमहरुको व्यवस्था गरि दिनुपर्ने बताए। सहकारीका सेयर सदस्यहरुले पनि आफुले खाई नखाई जम्मा गरेको रकम सुरक्षित छ कि छैन भनेर खबरदारी गर्नुपर्ने बताए।

ऋण सहकारीको आयोजनामा ब्लड डोनर्स एसोसिएसन नेपाल तथा भक्तपुर रेडकसको सहयोगमा रक्तदान कार्यकम पनि संचालन गरेको थियो।

ब्लड डोनर्स एशोसियसन नेपालका केन्द्रीय कोषाध्यक्ष मचाकाजी महर्जनका अनुसार रगत दान गर्नु आफैंमा राम्रो र पुण्यकार्य रहेकोले रक्तदान गर्नु शरिरको लागि फाइदाजनक रहेको बताए। रगत दानको कममा हाम्रो शरिरमा भएका चारवटा रोगहरुको पनि निःशुल्क रुपमा परीक्षण हुने र दान गरेपछि तिन महिना भित्र रगत आफैं पुर्ति हुने भएकोले स्वस्थ मानिसले रक्तदान गर्दा बिरामीको ज्यान बाच्छ भने यो जतिको पुण्यकर्म अरु नहुने बताए।

## सम्पादकीय

# एमालेमा उल्टो यात्रा

सन् १८१५ को घटना हो । विश्व इतिहाँसकै योद्धा फ्रान्सेली शासक नेपोलियन बोनापार्ट वाटर लुको युद्धको लागि तयारी गर्दै थिए । उनका समर्थक, चाकरीवाजहरू विश्व विजेता भन्दै उनको जयजयकार गर्दै थिए र उनी पनि त्यसमै मख्ख थिए । त्यसको परिणाम, सोही वर्षको जुन १८ मा शुरू भएको उक्त युद्धले देखाइदियो । युद्धकलाले निपूर्ण रहेको ७२ हजार सैनिक लिएर उनले ब्रिटिश फौजमाथि आक्रमण गरे । तर, त्यसमा उनी नराम्रोसँग पराजित भए । करिब ३३ हजार फ्रेन्च सैनिकको मृत्यु भयो । हजारौं सैनिक घाइते भए र नेपोलियन भागेर स्वदेश फर्किए । त्यही युद्धले उनको विश्व विजेता बन्ने सपना अधुँरो मात्रै रहेन, पतनको शृङ्खला पनि शुरू भयो ।

समय, विषय र प्रसंगले सोझै मेल खांदैन । तर, नेकपा एमालेको शुक्रबारदेखि शुरू भएको विधान महाधिवेशनमा गरिएको पार्टी अध्यक्ष केपी शर्मा ओलीको अशोभनीय गुणगानले नेपोलियन पतनको झल्को दिन्छ । पार्टी कार्यक्रममा अध्यक्षको सम्मान र श्रद्धा गरिनुलाई स्वभाविक मान्न सकिन्छ । तर, गुणगानको सीमा हुन्छ । विधान महाधिवेशनको लागि गरिएको प्रचार र पार्टीका दस्तावेजहरूमा पुष्पलाल, मदन भण्डारी र मनमोहन अधिकारी जस्ता पार्टीका संस्थापक तथा वैचारिक नेतृत्व प्रदान गरेका नेताहरूलाई समेत ओझेल पार्नेगरी  ओलीलाई दैवीय शक्ति प्राप्त नेताको रूपमा प्रस्तुत गरिएको छ । ओली त्यसमै रमाइरहेका छन् । त्यसैले ओलीको चाकरीमा भइरहेको तामझामको पछाडि आत्मरतीमा रमाउने ओलीकै रणनीति मुख्य कारण रहेको स्पष्ट हुन्छ ।

जब कुनै नेता जनताको भावनासँग जोडिएर आफूलाई अब्बल साबित गर्न भन्दा चाकरीबाजहरूको जत्था तयार गरेर आत्मरतीमा रमाउन थाल्छ, तब उसको पतन अनिवार्य हुन्छ । कुनै बेला विश्व हल्लाइदिने १८औं शताब्दीका नेपालियन मात्र होइन, २०औं शताब्दीमा कुनै बेला विश्वकै जनताको आशाको केन्द्र बनेका रोमानियाका चाउचेस्कु, लिबियाका मुअम्मर गद्धापीहरूको उथ्थान र पतनको घटनाले स्पष्ट पार्छ । पक्कै पनि ओली उनीहरू जस्तो निरंकुश शासक होइनन्, तर जयजयकारको आत्मरतीमा रमाउने उनको प्रवृत्तिले प्रत्यक्ष लाभ लिइरहेका केही सीमित नेता, कार्यकर्ता र दलालहरू बाहेक स्वंय नेकपा एमालेकै समर्थक, शुभेच्छुकहरूको उनीप्रति हेर्ने दृष्टिकोण नकारात्मक बन्दै गएको छ । त्यो हुनु भनेको अन्ततः ओलीकै पतनलाई निम्त्याउनु हो ।

## सामाजिक सञ्जाल



खड्गप्रसादको कुम्भमेला निभ्ने बेलाको बत्ती हो । लूटको धन फुपूको श्राद्ध गरेर सोझा जनतालाई केही समय भ्रममा पार्न सकिएला तर, अन्तमा देशले ठुलो मूल्य चुकाउनुपर्नेछ । नक्कली राष्ट्रवाद, नृजातीय अहंकारवाद, पपुलिज्म र व्यक्तिपूजाको ककटेलले अन्तः स्टालिन, हिटलर र फासीवाद जन्माउने हो । चेतना भया !

**- डा. बाबुराम भट्टराई**



विगत पाँच (लगभग) वर्षदेखि उदाउँदै गएका केपी ओलीलाई सोहि समयदेखि अस्ताउँदै गएका डा. बाबुराम भट्टराईले 'निभ्न लागेको बत्ती' को संज्ञा दिए । निभ्न लागेको बत्ती को हो ? घाम झैं छर्लङ्ग छ । माओवादी, नयाँ शक्ति हुँदै जसपामा बिलिन भएका बाबुरामको यो अभिव्यक्ति चाहिँ कत्ति पनि सुहाएन है!

**- प्रेम जि मगर**



हिजो ओली सत्तामा हुँदा सघन तर, तात्वीक बिरोध गरियो, त्यसरी नै अधम कामले आज देउवाको गिरिजा, सुशील, देउवा, माधव, झलनाथ सबैको ठाउँअनुसार समर्थन बिरोध गरियो । आततायी छवि, बाबुराम वा माकेको १७ हजार आत्मलाई मुक्ति दिन र सरापबाट बच्न पनि आजिवन बिरोध भर्त्सना गरिनै पर्छ । र गुर्छ पनि ।

**- गोविन्दकुमार थापा**



दिल्लीमा बसेर जनयुद्ध गर्ने, दिल्लीको रोहबरमा १२ बुँदे सम्झौता गर्ने अनि यहाँ दुई चार जना केटाकेटी जम्मा गरेर रोईलो गर्ने ? यहि हो महान क्रान्तिकारी ? जनयुद्धको मुख्य उद्देश्य अर्का सम्पत्ति लुटपाट गर्नु थियो कि हाम्रो अगाडि गोहिको आँसु बगाउनु थियो ?

**- विष्णु पोखरेल**



माकुनेका वकिल टिकाराम एमालेको विधान अधिवेशनमा, पुष्पकमलका दुर्गा प्रसाईं एमालेको विधान अधिवेशनमा ! अरूका फोटो देखिँदै जाला । एमालेको विधान अधिवेशनको चर्चा ओझेलमा पार्न ल्याएको आत्महत्याको फण्डाले ऊल्टो असर गर्‍यो । अझ गगन थापा कांग्रेस एक्लै चुनाव लड्ने भन्छन्, पुष्पकमललाई दुःख छ ।

**- सुशिल न्यौपाने**

# सम्झनामा ज्येष्ठ नागरिक

**संघीयताको जननी देश भएझैं ज्येष्ठ नागरिक हक हितका लागि गरिएको व्यवस्थापनमा संसारमा पहिलो श्रेणीमा उभिने देश स्वीट्जरलैण्ड हो । हाम्रो देशलाई पनि स्वीट्जरलैण्ड बनाउने भने, नेताजीहरुले तर नेपालीहरुले नै नेपाल बनाउने कुरा भने गरेनन् । आज हाम्रो देशमा जसरी संघीयता धरापमा छ त्यस्तै वृद्ध वृद्धाहरुको चासो पनि कमै छ ।**



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

अक्टोबर १ हरेक वर्ष आउने गरेको छ । सन् १९९० को डिसेम्बर १४ मा संयुक्त राष्ट्र संघको महसभाले प्रस्ताव गरेअनुसार हरेक वर्ष अक्टोबर १ लाई अन्तर्राष्ट्रिय ज्येष्ठ नाागरिक दिवसका रुपमा हेर्ने गरिएको पनि ३ दशक नाघिसकेको छ । विश्वभरि नै ज्येष्ठ नागरिकको संख्या बढ्दै आएको छ । अबको ३ दशकमा यसको संख्या दोब्बरले बढ्ने अनुमान छ । हाल अल्प विकसित देशमा मात्रै ज्येष्ठ नागरिकहरुको संख्या ३ करोड ७० लाख रहेको र आगामी ३० वर्षमा यसको संख्या १२ करोड पुग्ने प्रक्षेपण भएको छ । नेपालमा ६० वर्ष उमेर माथिकालाई ज्येष्ठ नागरिकको रुपमा हेर्ने गरिएको र हाल यसको संख्या २५ लाख रहेको र यहाँको जनसंख्या बृद्धिदर १ दशमलव ३५ प्रतिशत रहेको सन्दर्भमा आगामी १ दशकमै यसको संख्या ३५ लाख पुग्ने देखिन्छ । नेपालमा धेरै ऐन कानूनहरु यस सम्बन्धमा तय भइसकेकका छन् तर, कानूनअनुसार सेवा सुविधा भने पाउन सकेको अवस्था छैन । यसै वर्षको यस दिवसमा राष्ट्रपति एवं प्रधानमन्त्रीबाट ज्येष्ठ नागरिकका सम्बन्धमा उनीहरुको जीविकोपार्जन, रहन सहन, प्राथमिकताका विषयमा सम्बोधन गरिएको पाइन्छ । उनीहरुको सुरक्षा र सम्मानमा कमी हुन नदिन सरकार र नागरिक समाजले विशेष चासो दिनुपर्ने भएको छ ।

मौसम चिसो हुन लागेको छ । यहाँ बालबालिका, असहाय, गरीब, दीन दुःखीलगायत वृद्ध, वृद्धाको स्थिति निकै समस्यापूर्ण छ । राजनीतिकर्मीहरुलाई कहिल्यै बूढो हुनु नपर्ने तर, अन्य व्यक्तिहरु भने कोही ५८, कोही ६०, कोही ६३, कोही ६५ वर्ष उमेरपछि अनिवार्य बूढो हुने गरेका छन् । वृद्धभत्ता खाएर आराम गर्दै भविष्यको बाटो सुधार्ने धर्म, कर्ममा लाग्नुपर्ने बेलामा नेताजीहरु भने राज्य ढुकुटीबाट उपचार खर्च लिँदै, सुरक्षा तैनाथ गराउँदै राजनीतिमा बूढो गोरुले गाई ओगटेझैं गरी राजनीतिमा हानाथाप गर्दैछन् । अक्टोबर १ औपचारिकतामा सिमित हुन पुगेको छ । संसारभरि मनाइने यस पर्व भनौं उत्सवको सम्झना हाम्रा सरकारी क्यालेण्डरहरुले गर्न सकेको थिएन । र गत वर्ष सरकारले दसैं, तिहारमा पनि वृद्ध भत्ता वितरण गर्न सकेन । यस वर्ष हेर्न बाँकी नै छ । त्यसो त सरकारको बोली र काममा आकाश जमिनको झैं फरक छ । सरकारले आ.व. ०७७/०७८ को बजेटमा देशभरका ज्येष्ठ नागरिक आश्रमको न्यूनतम पूर्वाधार र सुविधाको मापदण्ड तोकी स्थानीय तहको प्रत्यक्ष रेखदेखमा सञ्चालन गर्ने व्यवस्था मिलाउने बताएको थियो । बाटाघाटामा युवा क्लबहरु देखिन्छन् तर, बृद्धहरुलाई सम्झने संस्थाहरु बिरलै छन् । पाकेको धानलाई कसले पानी लगाउने ?



बजेटमा अल्जाइमर्स रोगलगायत उमेरका कारण हुने रोगबाट ज्येष्ठ नागरिकको निःशुल्क उपचारको व्यवस्था गर्ने उल्लेख थियो । एकल, शारीरिक र मानसिक रुपमा अशक्त, असहाय र आफ्नो परिवार वा संरक्षक नभएका ज्येष्ठ नागरिकका लागि निःशुल्क औषधि उपचार र संरक्षकको व्यवस्था गरिने सरकारी अठोट बजेटमा व्यक्तव्यमा थियो । निःशुल्क कोरोना उपचार गर्नु भन्दै अदालतले दिएको आदेशलाई यस्तो हुन्न भन्दै अदालतको निर्णयलाई पुनरावलोकन गर्न माग गर्दै अदालत जाने सरकार अदालतको थप निर्णयपछि निःशुल्क उपचार गर्न अस्पतालहरुलाई आदेशसम्म जारी गरेको हो विगतमा ।

स्वास्थ्यमै डेढ वर्षमा ६ पटक सचिव फेरिए । अटिजमलगायत सबै प्रकारका अपागंता भएका व्यक्तिका लागि सुरक्षा, हेरचाह, विशेष प्रकारका स्वास्थ्य सेवा सुविधा तथा पुनःस्थापनाका लागि व्यवस्था मिलाइने पनि सरकारले नै भनेको हो । अपागंता भएका व्यक्तिको शिक्षा, स्वास्थ्य, मनोरञ्जन, रोजगारी र आय आर्जन कार्यक्रम सञ्चालन गर्ने तथा अपागंता भएका व्यक्तिले प्रयोग गर्ने सहायक सामग्री उत्पादनका लागि अनुदान दिने पनि भनेको हो । पंक्तिकारले एउटा ह्वील चेयरको प्रयास गरेको हो ९७ वर्षीय आफन्तका लागि, सार्वजनिक स्थलमा ७ दिनभित्रै उपलब्ध हुन्छ भनियो तर, १ वर्ष पूरा भयो, प्राप्त भएन । ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई उपयोग गर्न अन्तरपुस्ता ज्ञान, सीप हस्तान्तरणको कार्यविधि कार्यान्वयनमा ल्याई २ सय स्थानीय तहमा ज्येष्ठ नागरीक सेवा तथा मिलन केन्द्र सञ्चालन गर्ने कार्य भएको आर्थिक सर्वेक्षण ०७७ ले नै जनाएको हो । हाल सरकार जनगणनाको तयारीमा छ । पहिलेको गणनानुसार देशमा कुल जनसंख्याको ८ दशमलव १३ प्रतिशत जनसंख्या ६० वर्ष माथिको रहेको थियो । संख्या भने २१ लाख ५४ हजार थियो । हाल जनसंख्या ३ करोडमाथि पुगिसकेको सन्दर्भमा यो संख्या २५ लाख नाघिसकेको अनुमान रहेको हो ।

हाल सामाजिक सुरक्षाअन्तर्गत ज्येष्ठ नागरिकहरुले जीवन निर्वाह गर्न वृद्ध भत्ता पाइरहेका छन् । राजनैतिक नारामा अर्पित गरेको वृद्धभत्ता राजनैतिक दलहरुको चुनावी घोषणापत्रमा मासिक ५ हजार गर्ने भनिएको थियो । ज्येष्ठ नागरिकहरु आन्दोलनमा होमिए पनि, उनीहरुले न्यूनतम मासिक रु ५ हजार वृद्ध भत्ताको माग गरे पनि गत आर्थिक वर्षदेखि मासिक रु ३ हजार वृद्ध भत्ताको निर्णय भएको र बढी वृद्धले वार्षिक रु १२ हजार थप उपचार खर्च पाउने भए, अबदेखि रु ४ हजार भनिएको छ । वि.सं. २०५१ सालमा प्रधानमन्त्री मनमोहन अधिकारीको पालामा मासिक रु.१०० का दरले वृद्धभत्ता दिने निर्णय भएको थियो । ७५ वर्ष माथिकाले मासिक रु. १ सयका दरले पाउने वृद्धभत्ता घोषणा गरेको १ वर्ष पछिदेखि पाउन सुरु गरेका हुन् । आ.व. ०६७/०६८ देखि वृद्धभत्ता पाउने हद उमेर ७० वर्षको रहेको छ र आ.व. ०७६/०७७ को फागुन मसान्तसम्म यस्तो भत्ता पाउनेको संख्या १३ लाख २९ हजार ८७ पुगिसकेको थियो ।

> नेपालको मूल समस्या भनेकै समाज बहुजातीय तर राज्य एकल जातीय हुनु हो । समाजको बनोटअनुसार राज्यको बनोट हुनुपर्दछ भन्ने आदिवासी जनजातिहरुको मूल माग हो । समाज र राज्यको स्वरुप कस्तो हुनुपर्छ भन्नेबारे संविधानमा ठूलो अवधारणागत समस्या छ । संविधान राज्य, राष्ट्, भाषा, धर्मका सन्दर्भमा अस्पष्ट छ ।

> नेपालमा धेरै ऐन कानूनहरु यस सम्बन्धमा तय भइसकेकका छन् तर, कानूनअनुसार सेवा सुविधा भने पाउन सकेको अवस्था छैन । गत वर्ष सरकारले दसैं, तिहारमा पनि वृद्ध भत्ता वितरण गर्न सकेन । यस वर्ष हेर्न बाँकी नै छ । त्यसो त सरकारको बोली र काममा आकाश जमिनको झैं फरक छ ।

वृद्धहरुको हेरचाह, सुरक्षा, संरक्षण, लालनपालन आफ्नो परिवारको दायित्व हो । आफ्ना आफन्त नहुनेको मनोदशा फरक हुन्छ नै । यस अर्थमा परिवारको दायित्व हुँदाहुँदै पनि सामाजिक सुरक्षामा राज्य अलग रहेर बस्न मिल्दैन । ज्येष्ठ नागरिकप्रतिको विशेष सुरक्षा, संरक्षण, अभिभावकत्व स्वीकार गर्दै देशमा ज्येष्ठ नागरिक ऐन २०६३ जारी भयो । ज्येष्ठ नागरिक नियमावली २०६४ पनि जारी भयो । यसै ऐनलाई आधार मानी सरकारले सामाजिक सुरक्षाअन्तर्गत वृद्ध वृद्धाहरुलाई भत्ता दिने कानूनी व्यवस्था गरेको हो । मानिसको जीवनमा ऊर्जाशील समय व्यक्ति, समूह, समाज र राष्ट्रमा प्रयोग भएको हुन्छ । उमेर ढल्केपछि उनीहरुको ज्ञान, सीप, अनुभव, परिश्रमको नजरअन्दाज गर्न मिल्दैन । उनीहरुलाई व्यक्ति, परिवार, समाज र राज्यले सक्दो यथेष्ठ सम्मान दिनुपर्ने हुन्छ । परिवारले उपेक्षा गर्न मिल्दैन र राज्यले पनि यथासम्भव उनीहरुप्रति सद्भाव राख्नुपर्ने हुन्छ । नेपालको संविधान धारा ४१ मा मौलिक हकअन्तर्गत ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षा हुनेछ भन्ने उल्लेख छ । ज्येष्ठ नागरिकको हक अधिकार सुनिश्चित गर्न ज्येष्ठ नागरीक ऐन, नियमावली र सरकारी उच्च निकाय ज्येष्ठ नागरिक मन्त्रालय नै स्थापित भएको हो ।

सन् १९९१ देखि अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवस विश्वभरि मनाउने गरिए पनि धेरै ज्येष्ठ नागरिकहरु अझै उपेक्षित नै छन् । विश्वमा हाल ७६ करोडभन्दा बढी ज्येष्ठ नागरिकहरु छन् । नेपालमा पनि हाल लगभग ९ प्रतिशत जनसंख्या ज्येष्ठ नागरिककै छ । २५ लाख जनसंख्या वृद्ध, अशक्त, रोगी, असहाय हुँदा देश सुखी र समृद्ध हुन सक्दैन । वृद्धभत्तालाई अनुत्पादक वितरण र राज्यको बोझ भन्नेहरु पनि छन् तर यो विचार राम्रो होइन । ज्येष्ठ नागरिकसम्बन्धी ऐन २०६३ को संशोधन विद्येयकमा ज्येष्ठ नागरिकप्रति परिवारको दायित्व बढी हुने स्पष्ट पारेको थियो । विद्येयकमा भनिएको थियो- सार्वजनिक पद धारण गरेका व्यक्ति, स्वरोजगार, व्यापार, व्यवसाय वा अन्य जुनसुकै तरीकाबाट आय आर्जन गर्नेले पनि तोकिए बमोजिम आय आर्जन भन्दा बढी आय भएका व्यक्ति र पेन्सन पाउने व्यक्तिले तोकिएको प्रतिशत रकम बाबु आमाको बैंक खातामा जम्मा गर्नु पर्ने प्रावधान रहेको देखिन्थ्यो । आफन्तलाई पालन पोषण गर्न पनि पाश्चात्य समाजकोझैं कानूनी बन्देज लगाउनु पर्ने प्रावधान राम्रो होइन र पनि राज्य यसबाट पन्छन मिल्दैन ।

पूर्वेली उखान छ, आगो ताप्नु मूढाको, कुरा सन्नु बूढाको । जापानमा ज्येष्ठ नागरिकको अर्ती उपदेशले नै देशको औद्योगिक विस्तार र बजार विस्तार भएको हो । जापानीहरु कोही फूर्सदमा छैनन्, सकेको काम सबैले गर्छन् । थाइलैण्डको प्रगति युवा पुस्ताको काँधमा छ । नेपालमा पुस्तान्तरण छैन, वृद्धहरु गाउँमा दुःख पाउँछन्, नवीन पुस्ता खाडीमा भासिन्छ । राजनीतिमा बुढा पुस्ताको बाहुल्यता छ र पनि सधैं झगडा छ । निर्णायक तहमा नयाँ पुस्ता पनि नभएका होइनन् तर काम भने प्रगति शून्य देखिन्छ । आकाशमा उड्ने ३ किसिमका चराहरुले आआफ्नो दृष्टि अनुसार भूँइ हेर्छन् । परेवाले आँगनको बिस्कुन् देख्छ, कौवाले रछ्यानको जूठो अनि गिद्धले बारीको सिनो । संसार आफैंमा नराम्रो थिएन, हेर्ने हेराइमा फरक भयो । नेपालीले धेरै दुःख पाए, हरिया डलरको ओइरो लाग्यो तर विकास भएन, गरीवी घटेन, देश समृद्ध भएन, नारा केवल खोको भयो । लगानी जति बालुवामा हालेको पानी जस्तै भयो ।

दुःख र संघर्ष सिक्ने आफन्त भनौं जन्म दिने पिताबाटै हो अनि संस्कार र अनुशासनको शिक्षा दिने आफूलाई पहिलो आँखा देखाउने आमा नै हुन्, बाँकी सबै कुरा संसारबाटै मिल्ने हो । हामीकहाँ नयाँ सन्ततिले न आफ्ना  पिताको न आफ्नी आमाको कुरा नै सुन्ने गरेको पाइन्छ । यदि यसो हुन्थ्यो भने यत्रा विधि कानून बनाउनै पर्दैनथ्यो, समाज नैतिक, इमान्दार र चारित्रिक भइहाल्थ्यो । विचारले नै समाज बदलिन सक्छ ढुंगा हानेर, मान्छे मारेर मात्रै परिवर्तन गर्नु पर्दैनथ्यो । अहिले देशमा नेता मालामाल छन्, जनतालाई आलु किन्ने पैसा छैन । भाषणबाजी सुन्दा वेदान्ती प्रवचन जस्तो गर्छन् । छुरालेभन्दा कुराले हान्नु घातक हुन्छ । बोली र व्यवहार सबैतिर फरक छ । त्यसैले त पूर्वीय दर्शनको मत छ संसारमा २ भगवान छन्,  एउटा मनको कुरा बुझिदिने आमा र अर्को भविष्यको चिन्ता गरिदिने बाबु । मान्छेले सबै कुरा जिन्दगीमा भुल्न सक्छ तर कसैले अनादर गरोस्, भुल्दैन कहिले पनि । सुख र दुःखलाई डटेर सामना गर्न सिकाउने आमा बाबु नै हुन् । मौसमी साथी बनाउँदा क्षणभरको प्रगति होला तर चिरस्थायी हुन्न, यी सबै उपदेश ज्येष्ठहरुबाटै सिक्ने हो, दुःख र हैरानी जति उनीहरुले खेपेका हुन्छन् त्यति नयाँले खेपेका हुन्नन् ।

संघीयताको जननी देश भएझैं ज्येष्ठ नागरिक हक हितका लागि गरिएको व्यवस्थापनमा संसारमा पहिलो श्रेणीमा उभिने देश स्वीट्जरलैण्ड हो । हाम्रो देशलाई पनि स्वीट्जरलैण्ड बनाउने भने, नेताजीहरुले तर नेपालीहरुले नै नेपाल बनाउने कुरा भने गरेनन् । आज हाम्रो देशमा जसरी संघीयता धरापमा छ त्यस्तै वृद्ध वृद्धाहरुको चासो पनि कमै छ । दोस्रो पंक्तिमा उभिने श्रेय नर्वेलाई जान्छ । तेस्रोमा पर्छ जर्मनी, औंला भाँच्दै जाँदा नेपाल सत्रौं स्थानमा पर्छ । हामी कहाँ दलितहरुले ६० वर्ष पुगेकाले वृद्ध भत्ता पाउँछन्, अरुले होइन, किन यस्तो विभेद गरिएको हो, बुझिएन । संयुक्त राष्ट्रसंघको मुख्यालयको दसौं समूहले संयुक्त राष्ट्रसंघका लागि ज्येष्ठ नागरिकको हकहितसम्बन्धी महासन्धिको औचित्य छ वा छैन भन्ने बारे निश्कर्ष निकाल्न हाल छलफल शुरु गरेको हो । हालसम्म अन्य धेरै विषयमा  संयुक्त राष्ट्र संघ सम्बन्धी महासन्धि, घोषणापत्र, प्रतिबद्धताहरु छन् तर ज्येष्ठ नागरिक सम्बन्धी घोषणापत्र, महासन्धिहरु तयार भएका छैनन् र प्रतिबद्धताहरुमा हस्ताक्षर भएको छैन । अतः बाध्यात्मक व्यवस्था नहुँदा संसारभरिका देशहरु यस विषयमा उदासीन देखिएझैं लाग्छ ।

### लेखक तथा पाठकवर्गमा अनुरोध

**तपाईंसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।**

मध्यान्ह राष्ट्रिय दैनिक
इमेलः article.madhyanhadaily@gmail .com

# इथोपियामा बढ्दो मानवीय संकटबारे राष्ट्रसंघको गम्भीर चिन्ता



काठमाडौं/एजेन्सी- संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले इथोपियामा गहिरिँदो मानवीय संकट र भोकमरी बारे गम्भीर चिन्ता व्यक्त गरेका छन्। शुक्रबार इथोपियाले संयुक्त राष्ट्रसंघका सात जना अधिकारीहरूलाई निष्काशन गर्दै द्वन्द्वग्रस्त टिग्रेइ क्षेत्रमा मानवीय सहयोग पुऱ्याउन प्रतिबन्ध लगाएपछि महासचिव गुटेरेसले इथोपियालाई यस्तो निर्णय लिने अधिकार नभएको प्रष्ट पारेका छन्। गुटेरेसले समयमै त्यहाँको मानवीय संकट समाधान नभए स्थिति नियन्त्रण बाहिर जानसक्ने टिप्पणी गरेका छन्। सरकारले टिग्रेइ क्षेत्रमा खाद्यान्न, इन्धन र अन्य अत्यावश्यकीय वस्तुको आपूर्तिमा करिब-करिब बन्देज लगाए संगै यस क्षेत्रमा मानव अधिकार र आधारभूत मानवीय आवश्यकता परि पूर्तिमा समेत गम्भीर असर परिरहेको छ र बालबालिकाहरू भोकमरीको शिकार हुनसक्ने स्थिति नजिकिँदै छ।

महासचिव गुटेरेसका अनुसार यस क्षेत्रका ५२ लाख जनता मानवीय सहायताको तीव्र पर्खाइमा छन् र ४ लाख जनता प्रायः भोकमरीको अवस्थामा तड्पिएका छन्। अहिले त्यहाँका बालबालिकाहरूको कुपोषणको अवस्था २०११ मा सोमालियाका बालबालिका जस्तै देखिएको छ। शुक्रबार इथोपियाले देशको आन्तरिक मामिलामा दखल पुर्याएको आरोप लगाउँदै संयुक्त राष्ट्रसंघका ७ जना अधिकारीहरूलाई ७२ घण्टाभित्र देश छाड्न आदेश दिएको छ। इथोपियाको परराष्ट्र मन्त्रालयले ती अधिकारीहरूले कूटनीतिक मर्यादा विपरीत कार्य गरेको र निष्पक्षता कायम राख्न नसकेको र द्वन्द्वरत पक्षलाई सहयोग गरेको समेत आरोप लगाएको छ।

महासचिव गुटेरेसले संयुक्त राष्ट्रसंघ सुरक्षा परिषदलाई इथोपियाको पछिल्लो निर्णयले इथोपियामा जारी द्वन्द्व र मानवीय संकट समाधान गर्न थप पेचिलो हुनसक्ने टिप्पणी गर्दै यस विषयमा जानकारी गराएका छन्। मानव अधिकारको रक्षा र बढ्दो मानवीय सङ्कटको समाधानका निम्ति सबै पक्षको सहभागितामा दिगो शान्ति स्थापना नै जारी समस्याको समाधान भएको तर सरकारको पछिल्लो निर्णयले यसमा आघात पुगेको महासचिव गुटेरेसको टिप्पणी छ। टिग्रेइमा जारी मानवीय संकट र संयुक्त राष्ट्रसंघका ७ जना सदस्यलाई निष्काशन गर्ने निर्णयका सन्दर्भमा सुरक्षा परिषद्को आकस्मिक बैठक बसेर गम्भीर छलफल गरेपनि कुनै निर्णय भने लिइएको छैन।

संयुक्त राष्ट्रसंघका उपप्रवक्ता फरहान हकले इथोपिया स्थित संयुक्त राष्ट्रसंघको मिसनलाई कूटनीतिक नोट पढाउँदै मिसन मार्फत् त्यहाँका प्रधानमन्त्री अबिय अहमदलाई यस विषयमा संयुक्त राष्ट्रसंघको धारणा जानकारी गराएका छन्। उनले प्रधानमन्त्री अबी अहमदलाई संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेससँगको फोनवार्तामा प्रष्ट भन्दै संयुक्त राष्ट्रसंघको 'लामो समयदेखि कानूनी स्थिति' रहेको र 'पर्सना नन ग्राटा' संयुक्त राष्ट्रका कर्मचारीका हकमा लागू नहुने स्पष्ट पारेका छन्।

उनले संयुक्त राष्ट्र संघका अधिकारीहरूलाई 'पर्सना नन ग्राटा'लागू गर्न खोज्नु संयुक्त राष्ट्रसंघको बडापत्र अन्तर्गतका दायित्वहरू र यसका अधिकारीहरूलाई दिइने विशेषाधिकार र उन्मुक्तिको विपरीत रहेको बताएका छन्।

हकले भने, 'कसैलाई 'पर्सना नन ग्राटा' घोषित गर्ने सिद्धान्त एक राज्य र अर्को राज्यको बीचमा मात्र लागू हुन्छ तर संयुक्त राष्ट्रसंघ राज्य होइन। यदि संयुक्त राष्ट्रसंघका कर्मचारी बारे कुनै विषय उठेमा यस बारे संस्थालाई विधिवत जानकारी गराउनुपर्छ र यस विषयमा आवश्यक निर्णय लिने जिम्मेवारी महासचिवको हो।'

संयुक्त राष्ट्रसंघको कानुनी मामिलाको कार्यालयबाट इथियोपियाको सरकारलाई दिइएको कूटनीतिक नोट जुन सुरक्षा परिषदलाई पनि पठाइएको छ त्यसमा महासचिवले परराष्ट्र मन्त्रालयद्वारा प्रदान गरिएको जानकारीको आधारमा संयुक्त राष्ट्रसंघका अधिकारीहरूको आचरणको बारेमा निर्णय गर्न नसक्ने बताइएको छ। यसरी संयुक्त राष्ट्रसंघका कर्मचारीहरूलाई निष्काशनको आदेश दिने निर्णय अस्वाभाविक र तर्कसङगत नरहेको हकले स्पट पारेका छन्।

कानूनी कार्यालयले आफ्ना कर्मचारीलाई इथियोपिया छोड्न आवश्यक नरहेको भन्दै र संयुक्त राष्ट्रसंघले आफ्नो आधिकारिक निरन्तरा दिन र उनीहरूलाई सरकारको कानूनी दायित्वहरूको अनुपालनमा भित्र रही संयुक्त राष्ट्रसंघ र यसका अधिकारीहरूलाई प्रदान गरिने विशेषाधिकार र उन्मुक्ति सहितको प्रवेशाज्ञा प्रदान गर्न अनुरोध गरेको छ। महासचिव गुटेरेसले शुक्रबारको इथोपियाको संयुक्तराष्ट्र संघका कर्मचारीलाई निष्काशन गर्ने निर्णयको घोषणाले आफू दुःखी रहेको बताउँदै आफ्ना कर्मचारीहरू तटस्थ र निष्पक्ष रहेकोमा आफू पूर्ण विश्वस्त रहेको बताएका छन्। शुक्रबारको घोषणाले इथोपियाको सरकारले भन्दै सहयोगी संस्थाहरूलाई त्यहाँका विद्रोहीलाई सरकारका विरुद्ध सहयोग गरेको आरोपलाई पुनः स्मरण गराएको छ। यद्यपि यस विषयलाई संयुक्त राष्ट्रसंघ लगायात अन्य सहायता प्रदान गर्ने निकायहरूले इन्कार गर्दै आएका छन्।

# भारतमा थपिए २४ हजार संक्रमित



काठमाडौं/एजेन्सी- भारतमा कोरोनाभाइरसबाट थप २४ हजारभन्दा बढी संक्रमित भएका छन्। सरकारी अधिकारीहरूले दिएको जानकारी अनुसार पछिल्लो २४ घण्टामा २४ हजार ३५४ जना संक्रमित भएका हुन्। अघिल्लो दिन शुक्रबार बिहान सार्वजनिक जानकारी अनुसार पछिल्लो एक दिनमा २६ हजार ७२७ जना नयाँ संक्रमित थपिएका थिए। शुक्रबारको विवरणमा भन्दा शनिबारको विवरणमा संक्रमितहरूको संख्या घटेको देखिएको छ।

यसअघि दैनिक संक्रमितहरुको संख्या १८ हजारको हाराहारीमा पुगेकोमा अहिले फेरि बढेको हो। संक्रमित र मृत्यु भएका मध्ये धेरै केरला राज्यका रहेका छन्। अन्य क्षेत्रमा महामारी कम हुँदै गएपनि केरलामा भने बढ्दै गएको छ।

भारतमा अहिले पनि संक्रमित अवस्थामै रहेकाहरुको संख्या दुई लाख ७३ हजार ८८९ रहेको केन्द्रीय स्वास्थ्य मन्त्रालयले जनाएको छ। मन्त्रालयका अनुसार यो संख्या १९७ दिनपछिकै सबैभन्दा कम हो। भारतमा पछिल्लो समय दैनिक संक्रमित र सक्रिय संक्रमितहरूको संख्या कम हुँदै गएको तथ्यांकले देखाएको छ। दैनिक संक्रमितहरुको संख्याभन्दा दैनिक संक्रमणमुक्त हुनेहरूको संख्या धेरै भएकाले सक्रिय संक्रमितहरूको संख्या कम हुँदै गएको हो। पछिल्लो २४ घण्टामा २४ हजार संक्रमित हुँदा २५ हजार ४५५ जना संक्रमणमुक्त भएको मन्त्रालयले जनाएको छ।

भारतमा अहिलेसम्म कुल संक्रमणमुक्त भएकाहरुको संख्या तीन करोड ३० लाख ६८ हजार ५९९ रहेको अधिकारीहरूले जनाएका छन्। भारतको चिकित्सा अनुसन्धान परिषद्ले शुक्रबार एक दिनमा एक करोड ४२ लाख ९२ हजार ५४८ जना कोरोना परीक्षण गरिएको जनाएको छ। योसँगै भारतमा अहिलेसम्म ५७ करोड १९ लाख ९६ हजार ९९० जनाको परीक्षण गरिएको छ।

## श्री अर्घाखाँची जिल्ला अदालतबाट जारी भएको सूचना

प्रकाशित मिति : २०७८/०६/१७



निवेदक जिल्ला अर्घाखाँची साविक मैदान गा.वि.स. वडा नं. ५ हाल परिवर्तित पाणिनी गा.पा. वडा नं. ५ बस्ने डिलाराम घिमिरेको बुहारी गिरिराज घिमिरे को श्रीमती वर्ष ६२ की इन्द्रकला घिमिरेले जिल्ला अर्घाखाँची साविक मैदान गा.वि.स. वडा नं. ५ हाल परिवर्तित पाणिनी गा.पा. वडा नं. ५ स्थायी ठेगाना भएका मेरो श्रीमान गिरिराज घिमिरे २०५६ सालदेखि सम्पर्कविहिन भई बेपत्ता हुनु भएकोले निजको मृत्युको न्यायीक घोषणा गरी पाउँ भनी यस अदालतमा निवेदन दिएको हुनाले डिलाराम घिमिरेको छोरा वर्ष ६४ को तपाई गिरिराज घिमिरे कहिँकतै रहनु भएको भए यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस अदालतमा उपस्थित हुनुहोला। साथै निज गिरिराज घिमिरेको बारेमा कोही कसैलाई कहीँ कतै रहे भएको थाहा जानकारी भए सिधै यस अदालतको फोन नं. ०७७४२०२०५/०७७४२०२०९ मा सम्पर्क गरी वा नजिकको प्रहरी कार्यालयमार्फत १५ दिनभित्र यस अदालतमा जानकारी गराउनुहोला। सो म्याद भित्र निज बेपत्ता भएको मानिस उपस्थित नभए वा निजको बारेमा कुनै जानकारी प्राप्त नभएमा कानून बमोजिम हुनेछ।

इति संवत् ......... साल ........(महिना) ......(गते) ..... (दिन) शुभम् । ................................

# मोरक्कोका नागरिकलाई कोरोनाविरुद्ध तेस्रो खोप



काठमाडौं/एजेन्सी- मोराक्कोका नागरिकलाई कोरोनाभाइरस विरुद्ध तेस्रो खोप दिइने भएको छ। महामारीबाट आफ्ना नागरिकलाई जोगाउनका लागि सरकारले तस्रो चरणको खोप लगाउने व्यवस्था गर्न लागेको हो। मोरक्कोको स्वास्थ्य मन्त्रालयले शुक्रबार दिएको जानकारीअनुसार विज्ञ तथा सरोकारवालाको सिफारिसका आधारमा यस्तो निर्णय गरिएको हो। यसलाई राष्ट्रिय खोप अभियानकै एउटा अङ्गको रुपमा लागू गरिने पनि अधिकारीले जानकारी दिएका छन्।

आफ्ना नागरिकलाई मात्रै नभई मोरक्कोमा बस्ने विदेशी नागरिकलाई पनि खोपको व्यवस्था गरिने उनीहरूले बताएका छन्। उत्तर अमेरिकी मुलुक मोरक्कोमा यसअघि पहिलो खोप अभियान भने गत जनवरी २८ मा शुरु भएको थियो। त्यहाँ शुरुमा चिनियाँ सिनोफर्म खोप लगाइएको थियो।

सरकारी अधिकारीले शुक्रबार दिएको जानकारीअनुसार अहिलेसम्म मोरक्कोमा दुई करोड २७ लाख १९ हजार ८६ जनाले पहिलो मात्रा खोप लगाएका छन्। तीमध्ये एक करोड ९१ लाख ९७ हजार ९१६ जनाले दुवै खोप लगाएका छन्। मोरक्कोमा शुक्रबार मात्रै थप ९३६ जना कोरोनाभाइरसबाट संक्रमित भएका छन्। योसँगै कुल संक्रमितको सङ्ख्या नौ लाख ३४ हजार सात पुगेको छ।

## कम्पनीको नाम/ठेगाना परिवर्तनको सूचना

दोस्रो पटक प्रकाशित मिति २०७८/०६/१७

यस कम्पनीको मिति २०७८/०६/१० मा सम्पन्न वार्षिक/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **साहिल एकेडेमी इङ्गलिस बोर्डिङ्ग स्कूल सर्लाही प्रा.लि. (प्रा.लि. नं. १३०७००)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/०६/११ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **रियल लाइफ एकेडेमी सर्लाही प्रा.लि.** साथै साविक ठेगाना सर्लाही-०४, जनकपुरबाट परिवर्तन गरी गोडैटा नगरपालिका-०९, सर्लाही कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६६/०८/२६ मा दर्ता भएको **प्रा.लि. नं. ६८५१०** को **ज्ञान कुंज इङ्गलिस बोर्डङ्ग स्कुल बाग्लुङ प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७८/०६/१३ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।


# जापानमा वैदेशिक रोजगारको अवसर

**Japan मुलुकको TOKYO शहर स्थित एक बहु प्रतिष्ठित कम्पनी COOPERATIVE SOCIETY FORWARD बाट नेपाली कामदारहरुको माग भै आएकोले इच्छुक व्यक्तिहरूले सक्कल राहदानी, १२ प्रति पासपोर्ट साईजको सेतो पर्दा भएको फोटो तथा अनुभवका प्रमाणपत्र सहित तुरुन्त सम्पर्क गर्नुहोला।**

पूर्व स्वीकृत मिति: २०७७/०९/०२ चलानी नं.: ६०१५३८६८ Lt. No.: 235433 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब Japanese Yen | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Semi Automatic Welder | 3 | 0 | स. काममा दक्ष | 1,65,130 | १,७६,६८९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | ३ वर्ष |

२. कम्पनी : KIKUCHI KOGYOSHO CO LTD शहर : JAPAN

पूर्व स्वीकृत मिति: २०७८/०४/२२ चलानी नं.: ६०१६४५५४ L.T. No.: 240918

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब Japanese Yen | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Welding | 4 | 0 | स. काममा दक्ष | 2,15,000 | २,३०,०५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | ३ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ असोज २४ गते (10 Oct. 2021) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

**प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**
(क) नेपाली नागरीक हुनुपर्ने। (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पुरा भई २६ वर्ष ननाघेको हुनुपर्नेछ। (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने। (घ) निर्माण सम्वन्धि कामको निमित्त सम्वन्धित उद्योग, उद्यम वा सम्वन्धित विषयको संस्थामा कम्तिमा दुई वर्ष काम गरेको अनुभव हुनुपर्ने। (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने। (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने।

**दरखास्त साथ पेश गनुपर्ने आवश्यक कागजातहरु:**
(क) नेपाली नागरीकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्वन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ। (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि। (च) अभिमुखीकरण तालिम लिएको सक्कल प्रमाण पत्र। (छ) नेपालमा आफु कार्यरत रहेको सम्वन्धित उद्योग प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि सम्वन्धित उद्योगमा नै काम गर्ने भनी आफु कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्वन्धि कागजको प्रतिलिपि।

**१) दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति : स्थान यस प्रालिको कार्यालय, यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र**
**२) प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवद्धन खर्च समेतको) कुल खर्च : निःशुल्क।**
**नोट : वैदेशिक रोजगार ऐन २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी, जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवंम दुर्गम क्षेत्र तथा दैविक प्रकोप पिडित व्यतिलाई नेपाल सरकारले तोके वमोजिमको संख्यामा आरक्षण प्रदान गरिनेछ।**

**बैदेशिक रोजगार विभागवाट गराईएको जानकारी :**
१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोस्। आफुले बुझाएको रकमको भपाई अनिवार्य रुपमा लिनुहोस्।
२) आफु काम गर्ने जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस्।
३) यस विज्ञापन सुचनामा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोस्।
४) विदेश जानुअघि अभिमुखीकरण तालीम अनिवार्य लिनुहोस्।
५) अनिवार्य रुपमा विमा गराउनुहोस्।
६) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोस्। सोको एक प्रति आफुसँग राख्नुहोस्।
७) श्रम स्वीकृतिविना वैदेशिक रोजगारीमा नजानुहोस्। वैदेशिक रोजगारमा जाँदा नेपालका एयरपोर्ट प्रयोग गर्नुहोस्। बैदेशिक रोजगारमा कुनै दलालको भनाईमा विश्वास नगर्नूहोस्। इजाजतप्राप्त रोजगार प्रा.लि.मा आफै गई आवश्यक कुरा वुझ्नुहोस्। अन्यथा ठगिने सम्भावना हुन्छ।
८) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोस्।
९) काम गर्न गएको कम्पनी छाडी वा भागी अन्यत्र नजानुहोस्।
१०) काम गर्न गएको मुलुकमा कानुन पालना गर्नुहोस्। ११) करार अवधि सकिएपछि स्वदेश फर्कनुहोस्।

**नोटः जापानिज भाषा N5 सम्म जानेको हुनुपर्नेछ। जापानिज भाषा जानेकोलाई प्राथमिकता दिइने छ।**

"A friend at your service"
**Pasa INTERNATIONAL PVT. LTD.**
Kupondol, Lalitpur, Tel: 5439331, 5454499
Web: www.pasainternational.com.np
Email: pimt@pasa.wlink.com.np
pimt@pasainternational.com.np
श्रम इजाजत पत्र नं. ११६/०५५/५६

# साउदीमा रोजगार

कम्पनी : ABSHAR FOR OPERATION AND MAINTENANCE COMPANY शहर: Jeddah

पुर्व स्वीकृत मितिः २०७८/०६/१५ चलानी नं.: ६०१६४६४१ LT. No.: 246628

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 50 | 0 | स. काममा दक्ष | 1000 | ३१,५४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालयमा २०७८ असोज २४ गते (10 October 2021) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

श्रम इ. पत्र नं. ७६७/०६४/०६५

**सेफल्याण्ड ओभरसिज प्रा. लि.**
Office Address : Gongabu, Townplanning-26 Kathmandu, Nepal.
Tel No.: 4380116, 4380115, 4353651 | Mobile No.: 9813199445

चिकेन प्रोसेसिङ्ग कम्पनीको लागि पनि कामदारहरूको माग भएकोले इच्छुकले परामर्शको लागि सम्पर्क गर्नुहोला।

# CYPRUS मा वैदेशिक रोजगारको अवसर

कम्पनी : CY EMPLOYMENT शहर: NICOLAOS

पूर्व स्वीकृत मितिः २०७८/०५/२३ चलानी नं.: ६०१६२६२२ LT. No.: 245098 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Workers (Female) | 0 | 8 | स. काममा दक्ष | 314 | ४३,०६१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज २४ गते (10 October 2021) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**Sundar Nepal Overseas Pvt. Ltd.**
Gov. Lic No. 1484/074/075
Sinamangal-9, Kathmandu, Nepal, Tel: 4478460, Email: Sundarnpo@gmail.com

# साउदीमा रोजगार

कम्पनी : MARN (FLEXIBLE )GARAGE WORKSHOP FOR CAR MAINTENANCE शहर:RIYADH

पूर्व स्वीकृत मितिः २०७८/०६/१५ चलानी नं.: ६०१६४६४४ LT. No.: 246872

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Workshop Labour | 10 | 0 | स. काममा दक्ष | 1200 | ३७,८४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ असोज २४ गते (10 oct 2021) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**मेमोरियल ओभरसिज सर्भिसेज प्रा. लि.**
श्रम इजाजत नं. १५६/०५६/०५७
गोंगबु-५, काठमाडौं, नेपाल, फोन: ४९५८७८६, ४९८५३७३

# बक्स अफिस समाचार

नेपाली सिने क्षेत्रमा आफ्नो छुट्टै पहिचान बनाइसकेका निर्देशक रामेश कुमार राई मकवानपुर हटियाका स्थानीय बासिन्दा हुन् । मिलाप, गोरे, जुनी आदि चलचित्र निर्देशन गरिसकेका हालका व्यस्त निर्देशक राई यतिबेला बलिउडका चलचित्र गरिरहेका छन् । मृदुभाषी युनिटमा सहज उपस्थिति जनाउन सिपालु निर्देशक राई कतावस्तु चयन, मौलिकपन र निर्देशनमा नयाँशैली प्रयोग गरेर दर्शकरुचीको चलचित्र बनाउन चाहन्छन् । 'अदालत' लगायत केही सिरियलको समेत निर्देशन गरेका निर्देशक रामेश कुमार राईसँग मध्यान्ह दैनिकका लागि सानु श्रेष्ठले गरेको संक्षिप्त कुराकानी:

## 'हामीले बनाउने गरेका चलचित्रमा परिवर्तन ल्याउनुपर्छ'



**रामेश कुमार राई**, निर्देशक

**निषेधाज्ञापछि केमा व्यस्त हुनुहुन्छ ?**

त्यति धेरै व्यस्त भन्न नमिल्ला, लामो निषेधाज्ञाको मारमा हामी सबै थियौं । भर्खरै सकिएको छ, अहिले बिस्तारै बजारहरु चलायमान हुन थलेको छ । यसबीचमा निषेधाज्ञा केही सहज हुँदा हामीले एउटा टेलिभिजन सिरिज 'मेरो अदालत' गरेका थियौं । अहिले म त्यसैको अन्तिम पोस्टको काम गरिरहेको छु । अरु अन्य केही प्रोजेक्टको कुराकानी चलिरहेको छ, सायद चाँडै नै कामहरु शुरु होला ।

**तपाईं त व्यस्त निर्देशक नेपाली सिनेक्षेत्रलाई कसरी हेरिरहनु भएको छ ?**

व्यस्त भन्दा पनि जेनतेन प्रकारले गुजारी रहेको छु भनौं । चलचित्र क्षेत्रको हालको स्थिति लथालिङ्गको अवस्थामा छ । कोभिड १९ र निषेधाज्ञाको मारमा चलचित्र क्षेत्र थलिएको छ । हामी उठ्ने अनि उठाउने प्रयासमा छौं अहिले । यो विषम परिस्थितिबाट उठ्न अलि समय लाग्ने छ । सिनेमाको विगतको इतिहासलाई हेर्ने हो भने अलि पछाडि जानुपर्छ । हामीलाई थाहा छ, विसं.२००७ मा पहिलो नेपाली भाषाको चलचित्र बनेको थियो 'सत्य हरिस चन्द्र' तर त्यो नेपालमा बनेको थिएन । त्यो भारतमा बनेको थियो अनि भारतीयले बनाएका थिए । यसलाइ शुरु मान्ने हो भने नेपाली चलचित्र ७० वर्ष उमेर काटी सक्यो । त्यो समयमा अरु केही प्रयासहरु भएका थिए तर त्यो पूरा हुन सकेको थिएन । नेपालमै नेपाली भाषाको चलचित्र बन्न चाहीँ केही समय लागेको देखिन्छ । विसं.२०२२ मा मात्र हामीले हाम्रो चलचित्र पाएका थियौं 'आमा' जो नेपालमा बनेको नेपाली भाषाको पहिलो चलचित्र हो । यसले पनि पाँच दशक काटी सक्यो । यो समय त्यति लामो नभए पनि छोटो भन्न चाही मिल्दैन । त्यति बेला केही चलचित्र निर्माण भएता पनि पूर्ण व्यावसायिक हुनसकेको थिएन सिनेमा क्षेत्र, अहिलेको अवस्थामा पनि हामी वामेमात्र सरिरहेका छौं । यो अलि तितो भए पनि सत्य हो । हाम्रो देशमा व्यावसायिकरुपमा चलचित्र निर्माण हुन थालेको चाहीँ २२ देखि २५ वर्ष मात्र भएको छ । अब हामी कहाँनेर छौं यो मैले भनिरहनु परेन । अहिले हामी कहाँ जोड तोडले सिनेमा निर्माण हुने गरेको छ । वर्ष मा सय, सवा सय फिल्म त प्रदर्शनमै आउँछन् । यो सकारात्मक कुरा हो । यसले हामी अब जवान भएका छौं भन्ने आभाष गराउँछ । केही आशा गर्ने परिस्थिति निर्माण हुँदै गएको छ ।

**सिनेमा हल त खुल्यो निर्माताले नयाँ सिनेमा दिएनन् भन्छन नि ?**

अहिले सिनेमा हल खुल्नु र नखुल्नुमा कुनै तात्विक फरक छैन । आधा संख्यामा दर्शक राखेर चलचित्र हलमा लगएर लगानी उठाउन निकै कठिन हुन्छ । त्यसैले निर्माताले चलचित्र नदिएका हुन जस्तो लाग्छ । किनकी सबैलाई आफ्नो लगानीको माया हुन्छ । फेरि सिनेमा लगानी डुबाउनको लागि कसैले पनि निर्माण गरेका हुदैनन् । यो समय सिनेमाको लागि तरलताको समय हो । धेरै जोखिम हुने भएकोले अहिले नयाँ चलचित्र प्रदर्शनमा नआएका हुन् ।

**हामीकहाँ अग्रजलाई सम्मान गर्ने संस्कार हराएको हो, तपाईंलाई के लाग्छ ?**

यो कटुसत्य हो, आज भोलि हामी हाम्रो संस्कार भुल्दै गएका छौं । यो हाम्रो विडम्बना हो, अनि अकर्मण्यता पनि । जन्म दिने आमा, बाबुलाई हामी वृद्धाश्रम छोड्न हतारिएका हुन्छौं । गुरुलाई सम्झिन गुरु पुर्णिमा कुरिरहेका हुन्छौं । त्यो पनि देखावटी, अग्रजलाई हेर्ने हाम्रा आँखा त चिम्लिएका छौं । यस्तो हुनुको अर्थ हामीमा आज भोलि दम्भ आएको छ । त्यो दम्भले हाम्रो शीर झुक्न दिइरहेको छैन । अग्रजलाई सम्मान नगर्नु त इतिहास बिर्सिनु हो, भोलि कहिले पनि हुँदैन, यदि हामीले हिजोमा आफुलाई हेर्ने चाहने हो भने अग्रजहरुको सम्मान गर्ने हाम्रो परम्परा र संस्कारलाई जोगाउन जरुरी छ । हामी सिनेमा क्षेत्रमा छौं, हिजो अग्रजहरुले खनेर बसालेको जगमा नै हामी उभिएका हौं । चलचित्र 'आमा' बनेको थिएन भने 'जीवन रेखा', 'कुसुमे रुमाल' बन्दैन थियो । 'चिनो' नबनेको भए 'करोडपति', 'कसले छोयो मेरो मन' बन्ने थिएन । 'प्रेम गीत' को नाम हामी सुन्न पाउँदैन थियौं । अब भन्नुस् सम्मान गर्ने कि नगर्ने, उहाँहरु बहेक त हाम्रो अस्तित्व नै संकटमा छ । त्यसैले नयाँ पिँढिले आउँदा दिनमा यो कुरालाई हेक्का राखेर अगाडि बढ्नेछन् भन्ने विश्वास गरौं । अग्रजहरुको सम्मान गर्ने संस्कारलाई जोगाई राख्न आग्रह पनि छ मेरो तपाईंमार्फत ।

**सिनेमा क्षेत्रमा ठुलो संख्याले काम गर्छन्, कोरोना कहरले बेरोजगार बनेकाहरूलाई सरकारले के गरिदिए हुन्थ्यो जस्तो लाग्छ ?**

हो, एउटा सिनेमा निर्माण भैरहँदा त्यो सिनेमामा ५० देखि ६० जना सिधा नै जोडिएका हुन्छन् । नदेखिने गरी अरु धेरै हुन्छन् । मान्नुस् १०० जना, हाम्रो देशमा तथ्यांकलाई पल्टाएर हेर्ने हो भने करिब १५० वटा सिनेमा बन्ने गरेका छन् । १०० देखि ११५ त प्रदर्शनमै आउँछन् । एक रोजगार व्यक्तिमा आश्रित ४, ५ जनालाई मान्ने हो भने पनि ४००, ५०० जनासम्म प्रभावित हुन सक्छन् । अनि सोचौं त वर्षमा १५० सिनेमा निर्माण हुँदा कतिले रोजगार पाउँछन् र नबन्दा कतिले रोजगरी गुमाउँछन् ? अनि उनीहरुसँग जोडिएकाहरुको हविगत के होला ? कोभिड १९ को महामारीमा ती रोजगार गुमाएकाहरु र आस्रित परिवारहरुको अवस्था कस्तो थियो होला ? यस्तो अवस्थामा सरकार अगाडि आउन सक्नुपर्थ्यो, निजी तवरमा केही प्रयासहरु भएका थिए, तर त्यो अपर्याप्त थियो । यस्तो हुनुको पछाडि हाम्रो क्षेत्रलाई राज्यले उद्योग मानेकै छैन । सिनेमा क्षेत्रलाई हेर्ने राज्यको नीति परिपक्व हुन सकेको छैन । प्रयास नभएका होइनन् तर अपेक्षाकृत उपलब्धी हामीले हासिल गर्न सकेका छैनौं । एउटा ठूलो समस्याको पहाड थियो गएको डेढ-दुई वर्ष, धेरै त विस्थपित नै भएका छन् । यस्तो अवस्थामा सरकारले हाम्रो समस्यालाई सम्बोधन गरोस् भन्ने चाहन्छु ।

**निर्देशकको विश्वासमा निर्माताले ठुलो लगानी गरेको हुन्छ यसमा निर्देशकको के भूमिका रहन्छ ?**

पक्कै पनि महत्वपुर्ण हुने गर्छ, किनकी सिनेमाको एकमात्र ड्राइभर निर्देशक हो । एउटा निर्माताले एक निर्देशकलाई विश्वास गरेर सिनेमा निर्माण गरिरहँदा सिनेमामा उसको पैसामात्र जोडिएको हुँदैन, उसको सपना पनि सँगसँगै जोडिएको हुन्छ । यस्तो अवस्थामा निर्देश्क राम्रो परेन भने निर्माताको सपनामात्र होइन उसले आफ्नो सम्पत्ति पनि गुमाउन पुग्छ । एउटा निर्देशकको उत्कृष्ट सिनेमा दिने जिम्मेवारी त हुन्छ नै बनाएरमात्र पुग्दैन उसले त्यो सिनेमालाई प्रदर्शनसम्म कसरी लैजान्छ भन्ने कुराले पनी उत्तिकै भूमिका खेलेको हुन्छ । यसको मतलब निर्देशकले बजारको पनि उत्तिकै सुष्मरुपमा बुझेको हुनु पर्छ । सिनेमालाई सिनेमा घरसम्म कसरी लाने भन्ने पुर्व सोच्नु पनि आवश्यक पर्छ । अनि मात्र उसले आफ्नो दायित्व वहन गरेको ठहरिन्छ । धेरै निर्माताहरुले हतारमा निर्णय गरेर बुझ्दै नबुझी सिनेमा बनाई रहँदा उसले आफ्नो सम्पत्तिमात्र होइन आफ्नो प्रतिष्ठा पनि गुमाइरहेको हामीले देखेका छौं । त्यसैले निर्माताहरु पनि सचेत हुन जरुरी छ ।

**कोरोनाको असरका कारण आगामी वर्षमा सिनेमा निर्माणमा त्यसको असर प्रत्यक्ष देखिने अनुमान लगाउन सकिन्छ ?**

यो कोभिड १९ ले सम्पूर्ण क्षेत्र नै प्रभावित छ, सिनेमामात्र होइन । यसको प्रभाव यति सजिलै सकिने वाला छैन । सिनेमा प्रत्यक्ष माससँग सम्बन्धित भएकाले आगामी डेढ दुई वर्ष यसको प्रभाव रहिरहने कुरालाई नकार्न सकिँदैन । तर कोरोनासँग डराएर होइन सजग र सचेत रहेर हामीले अनुशासित ढंगले आ-आफ्नो कामहरु गर्‍यौं भने जोखिम कम गर्न चाहीँ सक्छौं । जे भने पनि पूर्ण भ्याक्सिनेसन जबसम्म हुँदैन तबसम्म ढुक्कसँग हामीले आफ्नो काम गर्न सक्ने अवस्था छैन । यसको लागि अलि लामो समय लाग्न सक्ने देख्छु म ।

**सिनेमा कस्तो हुनुपर्छ ?**

सिनेमा यस्तो हुनु पर्छ भन्ने कुनै मापदण्ड संसारमा कहीँ कतै छैन । सिनेमा सोचले बन्ने हो, र सबैको सोच्ने तरिका अलग अलग हुन्छन् । सिनेमामा अभिव्यक्तिको स्वतन्त्रता रहेन भने त्यो सिनेमा राम्रो हुन सक्दैन । तर हामी नेपाली सिनेमाको कुरा गर्छौं भने चै कुरा अर्कै हो । आज भोलि हाली नेपाली होइन नेपाली भाषाको मात्र सिनेमा बनाइरहेका छौं । नेपाली कला, संस्कृती र इतिहासलाई बिर्सिदै गैरहेका छौं । हामी आयातीत सामग्रीमाथि भरोसा गर्न थलेका छौं, जुन पटक्कै उचित होइन । अब सोच्ने समय आएको छ त्यति ढिला भैसकेको होइन तर हामीले आफू भित्रको सोचलाई पश्चगामी होइन अग्रगामी बनाउन जरुरी छ । हाम्रो वरिपरि संसारलाई चकित पर्ने खालका कथाहरु छन् । हाम्रा लागि छायांकन स्थलहरु संसारलाई लोभ्याउन सक्षम छन् र पनि हामी हाम्रो सिनेमा बनाउन सकिरहेका छैनौं । यसको लागि हामीले हाम्रो सोच्ने तरिकामा परिवर्तन ल्याउन जरुरी छ ।

**हाम्रा सिनेमा विश्व बजारमा किन जान सक्दैन ?**

अघिनै भने मैले, हामीले नेपाली भाषाको चलचित्र बनायौं नेपाली होइन । हाम्रो सिनेमा ग्लोबल्ली जाओस् भनेर सोच्छौं भने हामीले बनाउने गरेका चलचित्रमा परिवर्तन ल्याउनु पर्छ । हाम्रो लागनी कमजोर छ । हाम्रो देशको जनसंख्याको सानो प्रतिशतलेमात्र नेपाली सिनेमा हेर्छन् । यसको मतलब हामीले हाम्रो कथामा सिनेमा बन्नु पर्छ भन्ने हो । हाम्रो सानो लगनीमा बनेको सिनेमाले विश्व बजारको जस्तो करोडौं डलरमा बनेको सिनेमासँग प्रतिस्पर्धा गर्न सक्ने स्थिति छैन । यसो भनिरहँदा हामी राम्रो सिनेमा बनाउन सक्षम छैनौं भन्ने होइन । हामी हाम्रो सानो बजेट र सीमित स्रोत साधनमा पनि राम्रा सिनेमा बनाइरहेका छौं । दक्षिण एशियामा हामी बलिउड र साउथ पछि छौं र भारतका अन्य प्रादेशिक सिनेमा उद्योग भन्दा उत्कृष्ट छौं । हामीले हाम्रो सिनेमाको बजार खोज्न टाढा जानै पर्दैन, नजिकै भारतले नै पुग्छ । भारतमा नै पुर्वको टिष्टादेखि पश्चिमको कांगडासम्मको नेपाली भाषी भारतीहरुलाई समेट्न सकियो भनेमात्र पनि पर्याप्त हुन्छ । त्यता पट्टि सोचेकै छैनौं हामीले । यो त हाम्रै कमजोरी भयो नि । जसरी हिन्दी सिनेमा नेपालमा निर्वाध रुपमा प्रदर्शन हुने गर्छ, त्यसरी नै भारतमा पनि सहज रुपमा नेपाली सिनेमा लाग्ने हो भने हाम्रो बजार दस गुणा बढ्छ । सरकारले नीति तर्जुमा गर्नु पर्‍यो । खाली रोटी, बेटी भनेरमात्र भएन क्या । यसो भयो भनेमात्र हामीले पनि बिस्तारै अन्तर्राष्ट्रिय बजार पाउँदै जान्छौं । हाम्रो उद्योगले आर्थिक रुपमा मजबुती पाउने छ । अनि हामी गुणस्तरीय सिनेमा बनाउन सक्षम हुनेछौं ।

**हामी कहाँ सालमा सयवटा चलचित्र रिलिज हुँदा विश्वासयोग्य एउटा पनि डिजिटल प्लेटफर्म नहुनुलाई कसरी लिनुभएको छ ?**

डिजिटल प्लेटफर्मले चलचित्रको पहुचलाई अलि सहज चाही बनाउँछ । तर सिनेमा हेर्न र प्रयोगको सिफारिस चाहीँ गर्दिनँ । किन कि सिनेमा घरमा गएर सिनेमा हेर्नु र तपाई घरमै बसेर मोबाइल, ल्यापटपमा सिनेमा हेर्नुमा आकाश जमिनको फरक पाउनु हुन्छ । तर यो डिजिटल प्लेटफर्मले आज भोलि थोरै भएपनि राहत महसुस गराउँछ । यसको मतलव भविष्यमा यो पनि एउटा मेकरहरुको लागि महत्वपुर्ण माध्यम हुन सक्छ । तर हामीले यो माध्यमलाई सम्मानित बनौन सकेका छैनौं । हामीले नै गर्ने हो सबै, तबमात्र डिजिटल प्लेटफर्मले विश्वास तय गर्छ भन्ने लाग्छ ।

**बलिउडको चलचित्र गरिरहनु भएको छ, उताकोमा के भिन्नता पाउनु भयो ?**

हो म केही भोजपुरी सिनेमा र एउटा हिन्दी चलचित्र गरिरहेको छु । यसको प्रिप्रोडक्शनको कामहरु भैरहेका छन् अहिले । त्यसैले मेरो उता जाने आउने काम पनि अलि बढी नै भैरहेको छ आज भोलि । जहाँसम्म भिन्नताको कुरा छ, नेपाली सिनेमा र हिन्दी वा भोजपुरी सिनेमाको कुनै तात्विक फरक मैले पाइनँ । त्यहाँमात्र होईन कहि पनि त्यति धेरै भिन्नता हुँदैन सिनेमा को नोर्माणमा । लाइट, क्यमेरा, रोल, एक्शन जहाँ पनि एउटै हो । फरक एउटै देखें मैले सिष्टम र वातावरण । उनिहरु ठुलो टिममा काम गरिरहेका हुन्छन् । मार्केटको हिसाबले लगनी पनि ठुलै हुन्छ, हामी यहाँ सानो टिम लिएर काम गरिरहेका हुन्छौं, लगानी पनि हाम्रो मार्केट अनुसार सानै हुन्छ । अरु सामान्य नै हो, यो क्षेत्रमा अनुशासन अपरिहार्य हो । त्यो त्यहाँ पनि छ यहाँ पनि छ ।

**अहिलेको अवस्थामा चलचित्रमा लगानी गर्नु उचित होला त ?**

बास्तबमै हामी अहिले कठिन चुनौती सामना गरिरहेका छौ । उसैत हामीमा चलचित्र हेर्ने संस्कार आज भोलि देखिँदैन, त्यसमाथि यो कोभिडको सहन नसहिने प्रहारबाट थलिएका छौ । यति बेला सिनेमा निर्माणको क्रम रोकिए जस्तै छ । तर, 'मौकामा हिरा फोर्नु ब्यमौकामा कौडी नछोड्नु' भने जस्तै हामीले अहिलेको समयमा सिनेमा बनाउनै छोड्ने होइन, बरु हामीले लगानीलाई सिमित गरेर उत्कृष्ट सिनेमा बनाउने कोशिस गर्नु पर्छ जस्तो लाग्छ मलाई । यसो गरिएमा निर्माणको क्रम पनि नरोकिने भयो अनि निर्माताहरुलाई पनि जोखिम कम हुन्छ । नीति बनाएर चलचित्रलाई प्रदर्शन गर्ने शैलीमा परिवर्तन गर्न सकिन्छ, ताकी सिनेमाहरु नजुधुन् । यसो गर्दा जोखिम कम हुन सक्छ । सिनेमा बिजनेस सधैं जोखिममा त छँदै नै छ ।

**कस्तो कथामा चलचित्र बनाउन पाए हुन्थ्यो भन्ने लाग्छ ?**

अहिले हाम्रो समाज विग्रह तिर गैरहेको छ, चलचित्र समाजको सम्वाहक पनि हो, त्यसैले हामीले बनाउने चलचित्र पनि त्यस्तै एकताको होस् । बेमेल र स्वार्थ होइन मेलमिलाप र स्वार्थरहीत कथाहरुमा सिनेमा बनोस भन्ने चाहिरहेको हुन्छु म । अहिले मलाई शुद्ध नेपाली मनको, पारिवारिक एकताको जहाँ राष्ट्र, राष्ट्रियताको भावनाले आतप्रोत होस्, यस्तो खलको चलचित्र बन्नु पर्छ जस्तो लाग्छ ।

नयाँ पुस्ताले नेपाली चलचित्रप्रति चासो नदिनुको कारण ?

यसको सिधा उत्तर हो भविष्य नदेखेर । साच्चै आज भोलि सिनेमामा नयाँ पुस्ताले भविष्य देख्न सकेका छैनन् । यो सर्वाधिक सत्य हो । त्यसैले उनीहरुको चासो सिनेमामा नहुनु स्वभाविक हो जस्तो लाग्छ ।

## 'उही खोलीमा पानी २' सार्वजनिक





**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, १६ असोज

ठिक ५ वर्ष पहिले नेपाली लोक तथा दोहोरी गीतको क्षेत्रमा एउटा गीतले करोड क्लबको इतिहास बनाएको थियो । उक्त गीत 'उही खोलीमा पानी उही खोलीमा माछा' बोलको रहेको थियो । उक्त गीतले कायम गरेको रेकर्डको चर्चा आज पनि सांगीतिक क्षेत्रमा हुने गर्छ । सोही गीतका गीतकार केशव पौडेलले आफ्नै शब्दमा पाँच वर्षपछि उही खोलीमा पानी २ 'जवानीको औषधि' आफ्नै युट्युब च्यानल त्रिवेणी इन्टरटेनमेन्टमार्फत बजारमा ल्याएका छन् ।

चर्चित लोक तथा दोहोरी गायक गायिका वसन्त थापा र देवी घर्तीको आवाजमा सजिएको गीतको भिडियो निकै आकर्षक र भव्यरूपमा खिचिएको छ । दोलखा जिल्लाको बाहुबली झरनाले टिकटकमा चर्चा पाएसँगै झरनामा पुगेर भिडियो खिचिएको हो । भिडियोमा झरनाका सुन्दर दृश्यसँगै चर्चित मोडेल रविना भण्डारी र लोमश शर्माको आकर्षक नृत्य तथा अभिनय हेर्न सकिन्छ ।

चित्र मास्किले उत्कृष्ट भिडियो दर्शकलाई उपहार स्वरूप दिएका छन् । खेम पुनको संगीतलाई याम थापा मगरले एरेन्ज गरेका हुन् । विवेक बि.क.ले छायांकन गरेको भिडियोलाई पदम सुवेदीले सम्पादन गरेका हुन् । गीतको भिडियोमा मिलन विश्वकर्माले कलर भरेका छन् । गीतले जवानी उमेरको कथा बोल्छ । जवानीको औषधि के हुन सक्छ भनेर प्रश्न दर्शकलाई गीतले छोडेको छ ।

## 'आखेले भन्छ हेर नाती' बजारमा




**दिपेन्द्र श्रेष्ठ/मध्यान्ह**
काठमाडौं, १५ असोज

सिन्धुपाल्चोके ठिटो गायक तेज थिंङ्गको 'आखेले भन्छ हेर नाती, कुल र बंश धानिदेउ' बोलको एकल एल्बम शुक्रबारदेखि बजारमा आएको छ । गीतकार विजय पाख्रीनले ग्रामीण भेगको मौलिक शब्द चयन गरी गीतलाई मिठास दिएका छन् भने प्रकाश तामाङको संगीतले गीतलाई झनै मिठास दिएको छ । दिपेश प्रधानले मिक्सिङ, एरेन्ज गरेको सो गीत दिप स्टुडियोले बजामा ल्याएको हो ।

गायक थिंङ्गको यो भन्दा अगाडि 'माथि माथि लेकमा धुपीको बोट' बोलको तामाङसेलो बजारमा आएको थियो । त्यस गीतको चर्चा नसेलाउँदै थिंङ्गले फेरि 'आखेले भन्छ' ल्याएका हुन् । यो गीतमा पनि संगीत संयोजन एकदमै राम्रो रहेको छ । डान्सिङ स्टाइलको गीत भएपनि सुन्नमा आनान्द दिने खालको गीत रहेको छ भने मोडल अभिसेक लामा, विशाल लामा, याङ्जी दोङ लामा र अनु बुडाथोकीको अभिनयले गीत आकर्षित बनेको छ ।

# न्यु डायमण्ड र आर्मी च्याम्पियन




**मध्यान्ह संवाददाता**
काठमाडौं, १६ असोज

साविक बिजेता विभागीय टोली एपिएफ क्लबलाई पराजित गर्दै होङ्गवान्जी न्यू डायमण्ड क्लबले वाईवाई डाईनामाईट एनभीए महिला तथा पुरुष क्लब च्याम्पियनसिप २०७८ को उपाधिका साथ ट्रफी उचालेको छ । शनिबार सम्पन्न खेलमा डायमण्डले एपिएफ माथि ३-१ को जित निकाल्दै ट्रफी उचालेको हो । राष्ट्रिय खेलाडीहरुको बर्चश्व रहेको विभागीय टोलीसँग पहिलो सेट २४-२६ ले गुमाउन पुगेको डायमण्ड त्यस पछि सम्हालिँदै लगातार तीन सेट आफ्नो पक्षमा पार्दै उपाधि जित्न सफल भएको हो । दोश्रो सेटमा २५-२१ ले जित निकालेको डायमण्डले तेश्रो सेट २५-१७ र चौथो सेट २५-१५ ले जित्दै उपाधीलाई आफ्नो पक्षमा पारेको हो ।

सेनाको त्रिभुवन आर्मी क्लबले पुलिसलाई पराजित गर्दै तेश्रो स्थान प्राप्त गर्‍यो । सेनाले पुलिसलाई २५-१७, २५-२०, २५-१७ को सहज जित निकाल्दै तेश्रो स्थान सुरक्षित गर्न सफल भएको हो ।

महिला तर्फ न्यू डायमण्डकी प्रतिभा माली उत्कृष्ट खेलाडी चुनिईन् । यस्तै वेष्ट सर्भरमा सेनाकी संगम महतो, वेष्ट डिफेन्डरमा डायमण्डकै सलिना महर्जन, वेष्ट सेटरमा डायमण्डकी अरुणा शाही, वेष्ट स्पाईकरमा सेनाकी शान्ती थारु, वेष्ट ब्लकरमा एपीएफकी सरस्वती चौधरी घोषित भए । यस्तै न्यु डायमण्डका कुमार राई महिला तर्फको उत्कृष्ट प्रशिक्षक बन्न सफल भए ।

च्याम्पियन टोलीले नगद ४ लाख प्राप्त गर्‍यो भने उपबिजेता टोलीले नगद २ लाख सहित ट्रफी मेडल र प्रमाण पत्र प्राप्त गरे । यस्तै तेश्रो भएको सेनाको त्रिभुवन आर्मी क्लबले नगद १ लाख सहित मेडल, ट्रफी र प्रमाण पत्र प्राप्त गर्‍यो । यस्तै उत्कृष्ट खेलाडीले नगद २५ हजारका साथै विधागत तर्फका सवैले जनही १० हजार ट्रफी र प्रमाण पत्र प्राप्त गरे ।

आर्मी च्याम्पियन

साविक बिजेता टिपटप हेल्प नेपाललाई ३-१ सेटमा पराजित गर्दै नेपाली सेनाको त्रिभुवन आर्मी क्लबले पुरुष तर्फको ट्रफीमा आफ्नो नाम लेखाउन सफल भएको छ । सेनाले जित हात पार्ने क्रममा पहिलो सेट २६-२४ को संघर्ष पूर्ण जित निकाल्यो । दोश्रो सेट १७-२५ ले हेल्प नेपाललाई सुम्पन पुगेको सेनाले तेश्रो सेटमा सम्हालिँदै २५-१८ ले आफ्नो पक्षमा पार्‍यो । चौथो सेट निकैनै रोमाञ्चक रुपमा ३३-३१ को सघर्षपूर्ण जित निकाल्दै सेनाले ट्रफीलाई आफ्नो पकडमा लिएको हो । च्याम्पियन टोलीले नगद ४ लाख प्राप्त गर्‍यो भने उपबिजेता टोलीले नगद २ लाख सहित ट्रफी मेडल र प्रमाण पत्र प्राप्त गरे ।

प्रतियोगिताको पुरुष तर्फ एपीएफ क्लबलाई ३-० ले पराजित गर्दै पुलिसले तेश्रो स्थान प्राप्त गर्‍यो । पुलिसले एपिएफलाई २५-१७, २५-१८ र २५-१४ को सहज जितका साथै नगद १ लाख प्राप्त गरेको हो ।

पुरुषतर्फ आर्मीका मान बहादुर श्रेष्ठ उत्कृष्ट खेलाडी चुनिए । यस्तै वेष्ट सर्भरमा सेनाका दुर्गा खड्का, वेष्ट डिफेन्डरमा एपिएफका विनोद चन्द, वेष्ट सेटरमा पुलिसका ईम बहादुर राना, वेष्ट स्पाईकरमा हेल्प नेपालका विनित कुमार, वेष्ट ब्लकरमा सेनाका हरि अधिकारी घोषित भए । उत्कृष्ट खेलाडीले नगद २५ हजारका साथै विधागत तर्फका सवैले जनही १० हजार ट्रफी र प्रमाण पत्र प्राप्त गरे ।

बिजयी खेलाडीहरुलाई प्रमुख अतिथी नेपाल ओलम्पिक कमिटिका अध्यक्ष एवं प्रतिनिधी सभाका सांसद जीवन राम श्रेष्ठ, साँसद विमल केडिया लगायतले पुरस्कार वितरण गरेका थिए ।

# माल्दिभ्सलाई २२ वर्षपछि नेपालले हरायो




**काठमाडौं, मस-** साफ च्याम्पियनसिप फुटबलमा नेपालले विजयी सुरुवात गरेको छ । आयोजक तथा साबिक विजेता माल्दिभ्सलाई नेपालले १-० ले पराजित गरेको हो । शुक्रबार राति भएको खेलमा आयोजक माल्दिभ्सलाई पराजित गर्न मनिष डाँगीको गोल निर्णायक बनेको थियो । मालेस्थित राष्ट्रिय रंगशालामा भएको खेलमा नेपाललाई जिताउन ८५ औं मिनेटमा डाँगीले गोल गरेका थिए ।

वैकल्पिक खेलाडीका रुपमा मैदान प्रवेश गरेका मनिषले काउन्टर अट्याकमा विशाल राईले मिडफिल्ड पार गरेको आक्रमणलाई अघि बढाउँदै गोल गरेका थिए । माल्दिभ्सले खेल अवधिभर राम्रो प्रदर्शन गरे पनि नेपाली रक्षा पंक्तिलाई तोड्न सकेन । साफ च्याम्पियनसिपको पहिलो खेलमा प्रशिक्षक अब्दुल्लाह अलमुताइरीले नेपाललाई साबिकको ४-३-३ को रणनीतिमा उतारेका थिए ।

साफमा नेपालले २२ वर्षपछि माल्दिभ्सलाई हराएको हो । नेपालले पछिल्लो पटक सन् १९९९ को साग खेलकुदमा माल्दिभ्सलाई २-१ ले हराएको थियो । त्यसयता भने लगातार हार बेहोरेको नेपालले यो संस्करणमा माल्दिभ्सबिरुद्ध जीत निकालेको हो । नेपालले अर्को खेलमा सोमबार श्रीलंकाको सामना गर्नेछ ।

**Province Government**
**Province No-02**
**Ministry of Physical Infrastructure Development**
## Urban Development & Building Office
**Janakpurdham, Dhanusa**

## INVITATION FOR ONLINE BID (IFB)

**Date of publication: - 2078/06/17 B.S. (03 Oct, 2021 AD)**

1. Urban Development and Building Office, Province No 2, Janakpurdham invites following electronic bids from eligible national bidders under national competitive bidding
2. The name and identification of the contract are as follows:

| Contract Identification No. | Name of Procurement | Last Date of Bid Purchase | Last Date of Bid Submission/Bid Opening | Bid Security (NRs.)/Validity Period | Document Purchase Fee (NRs.) |
|---|---|---|---|---|---|
| UDBO/WORKS/ NCB/02/078/079 | Procurement of Construction of RCC Road from (Ring Road to Baba Kutti) Janakpurdham -08, Dhanusa | 01 Nov, 2021 (B.S 2078/07/15) | 02 Nov, 2021 (B.S 2078/07/16) | 3,00,000.00 02 March, 2022 | 3,000.00 |

3. Eligible Bidders may contact Urban Development and Building Office, Province No 2, Janakpurdham at 9854025405 and obtain further information from PPMO's Website www.bolpatra.gov.np./egp .

**UDBO Chief**

# पोखरा शीर्ष दुईमा



पोखरा राइनोज एभरेष्ट प्रिमियर लिग टी-२० क्रिकेट प्रतियोगिताको दोश्रो स्थानमा उक्लिएको छ । शनिबार भएको खेलमा विराटनगर वारियर्सलाई ७ विकेटले पराजित गर्दै राइनोज अंक तालिकाको दोश्रो स्थानमा पुगेको हो । टियु क्रिकेट मैदानमा विराटनगरले दिएको १ सय ७३ रनको लक्ष्य पोखराले १७ ओभर ४ बलमा मात्र ३ विकेट गुमाएर पूरा गर्‍यो ।

पोखराको जितमा असेला गुनारत्नेले अविजित रहदै ५० रनको अर्धशतकीय पारी खेले । २४ बलको सामना गरेका उनले ३ छक्का र ४ चौका प्रहार गरे । त्यसैगरी, रिचार्ड लेभीले २६ बलमा ४७ रनको महत्वपूर्ण योगफल तयार पारे ।

उनले ३ छक्का र ४ चौका प्रहार गरेका थिए । त्यस्तै पोखराका साहन अर्चाचिगेले ४३, कप्तान विनोद भण्डारी १५ तथा रित गौतमले ५ प्रहार गरे । विराटनगरका प्रतिष जिसी, सिकन्दर राजा र हरी चौहानले समान एक/एक विकेट लिए । टस जितेर पोखराले फिल्डिङ्ग रोजेपछि ब्याटिङ्गमा उत्रिएको विराटनगरले २० ओभरमा ५ विकेट गुमाएर १ सय ७२ रन बनाएको थियो । विराटनगरका लागि आसिफ शेखले ३३ बलमा ६ वटा चौकाको मद्दतमा सर्वाधिक ४४ रन जोडे भने सिकन्दर राजाले २० बलमा २९ रन जोड्दा तीन छक्का र एउटा चौका प्रहार गरे ।

सन्दीप रजालीले २८ रनको पारी खेल्दा कप्तान करण केसीले ९ बलमा ३ छक्का प्रहार गर्दै २४ रन बनाए । त्यस्तै, दिलसान मुनाविराले १६, अनिल साहले १२ र चन्द्रपाउल हेमराजले २ रन जोडे । पोखराको बलिङ्गमा बिक्रम सोवले २ विकेट लिए । विवेक यादव, नन्दन यादव र साहन अर्चाचिगेले एक/एक विकेट हात पारे ।

जितसँगै चार खेलमा २ जित र एक खेलमा अंक बाडेको पोखरा ५ अंकसहित तालिकाको दोस्रो स्थानमा उक्लिएको छ । यो पराजयसंगै विराटनगर वारियर्स चौंथो संस्करणको एभरेष्ट प्रिमियर लिग (ईपीएल) टी-ट्वान्टी क्रिकेट प्रतियोगिताबाट बाहिरिएको छ ।

## केदारस्युँ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**देउरा, बझाङ्ग**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

## नदिजन्य पदार्थ उत्खनन् गरि बिक्री वितरण तथा आन्तरिक निकासी गर्ने कार्यको बोलपत्र आव्हान सम्बन्धी सूचना

**पहिलो पटक प्रकाशित मितिः २०७८/०६/१७ गते**

स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ११ (घ) २ र दफा (घ) ६ समेत माभएको व्यवस्था अनुसार सेतीनदी र कालंगानदीको आ.व. २०७६/०७७ मा भएको प्रारम्भिक वातावरणिय परिक्षण (IEE) प्रतिवेदन, सुदूरपश्चिम प्रदेश सरकारको प्रदेश आर्थिक ऐन २०७५, सुदुरपश्चिम प्रदेश सरकारको नदी जन्यपदार्थ व्यवस्थापन कार्यविधि २०७५, र यस गाउँपालिका गाउँ कार्यपालिकाको निर्णय अनुसार सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ तथा सार्वजनिक खरिद निमावली, २०६४ को नियम ३१ बमोजिम देहायका शिर्षकहरुमा राजश्व अशुली सम्बन्धि काम आ.वं. २०७८/०७९ मा बोलकबोल बढाबढको माध्यमबाट ठेक्काबन्दो बस्त गर्नुपर्ने भएकाले सूचना प्रकाशित भएको मितिले तोकिएको म्याद भित्र कानूनी प्रक्रिया पुरा गरेका योग्य फर्म, व्यक्ति वा संस्थाहरुले तपशिल बमोजिमको शर्तहरुको अधिनमा रहि बोलपत्र पेश गर्नहुन सवैको जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ ।

**तपशिलः**

| सि.न. | सुचना नं./ठेक्का न. | नदिको नाम/स्थान | उत्खनन् परिमाण (घन फिट) | | न्यूनतम ठेक्का रकम (सेवाशुल्क र मु.अ.कर बाहेक) | धरौटी रकम | बेलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|---|
| १ | १/०७८/०७९ | **सेतिनदी** १.डाँसाबगर २.चौडामबगर ३.गर्जेपानीबगर ४. झोताबगर | ढुङ्गा | ८८,२४८।५१ | १७,६४,९७०।१० | ४५,०००।० | ३,०००/ |
| | | | गिट्टी | १,०५,८९८।२० | | | |
| | | | बालुवा | १,५८,८४७।३१ | | | |
| २ | २/०७८/०७९ | **कालंगानदी** १.जाडेपातलबगर २.ओदालबगर ३ खोलामोरबगर ४ बागथलाबगर | ढुङ्गा | ६०,३८२।६० | १२,३१,१८३।७५ | ३१,०००।० | ३,०००/ |
| | | | गिट्टी | १,१५,६०३।७४ | | | |
| | | | बालुवा | ७०,२५०।४१ | | | |

**शर्तहरुः**

१. ईच्छुक फर्म कम्पनी दर्ता प्रमाणपत्र, मुल्य अभिवृद्धि कर, दर्ता प्रमाणपत्र, आ.व. ०७७/०७८ को कर चुक्ता प्रमाणपत्र र फर्मको प्रोप्राईटर वा आधिकारिक प्रतिनिधिको नेपाली नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपी, कालो सूचिमा नपरेको स्वः घोषणापत्र माथि उल्लेखित बोलपत्र टेण्डर फारम दस्तुर वाफत फिर्ता नहुने गरि यस कार्यालयमा नगदै तिरेको रसिद वा यस कार्यालयको राष्ट्रिय बाणिज्य बैकं शाखा कार्यालय चैनपुर बझाङ्गमा रहेको आन्तरिक राजश्व खाता न ४११०१००३०१०१०००५ मा नगद दाखिला गरेको सक्कल बैकं भौचर साथ निवेदन पेश गरि यो सूचना दोस्रो पटक प्रकाशन भएको मितिले ३० औं (२०७८/०७/१५) दिनको कार्यालय समय भित्र कार्यालयबाट बोलपत्र फारम खरिद गर्न सकिनेछ । खरिद भएका बोलपत्रहरु ३१ औं (२०७८/०७/१६) दिनको दिउँसो १२:०० बजे भित्र केदारस्युं गाँउपालिकाको कार्यालय, देउरामा दर्ता गर्नु पर्नेछ । रितपूर्वक दर्ता हुन आएका बोलपत्र ३१ औं दिनको दिउँसो २:०० बजे कार्यालयका प्रतिनिधि, बोलपत्रदाता वा निजले तोकेको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजले तोकेको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएपनि कार्यालयका प्रतिनिधिहरुको रोहबरमा बोलपत्र खोल्न बाँधा पर्ने छैन ।

२. बोलपत्र खरिद, दाखिला, खोलिने दिन सार्वजनिक बिदा परेमा सोको भोलि पल्ट कार्यालय खुलेको दिनमा कार्य गरिनेछ ।

३. ठेक्का लिने ईच्छुक फर्मले धरौटी वाफत आफुले कबोल गरेको अंकको २.५ प्रतिशतको दरले हुन आउने रकम यस केदारस्युं गाँउपालिकाको राष्ट्रिय बाणिज्य बैकं शाखामा रहेको धरौटी खाता न.४११०१००३०३००००५ मा नगद दाखिला गरेको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैकंबाट मान्यता प्राप्त बाणिज्य बैकले जारी गरेको १२० दिन म्याद भएको बिड बण्डको सक्कल प्रति पेश गर्नु पर्नेछ ।

४. अन्य थप जानकारीका लागी कार्यालय समय भित्र कार्यालयको सम्प्रर्क फोन ९८५८४५४८३५ बाट जानकारी लिन सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**


## UAE मा रोजगारको अवसर

कम्पनी : AL LAITH SCAFFOLDING LLC
शहर : DUBAI

पूर्व स्वीकृत मितिः २०७८/०६/१५ चलानी नं.: ६०१६४६४६ LT. No.: 246982

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | SCAFFOLDER | 75 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३८,६४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | HELPER | 25 | 0 | | 900 | २८,९८० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज २४ गते (10 October 2021) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्योहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्योहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

## साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा.लि.

श्रम इजाजत पत्र नं.: ५७२/०६२/०६३

पो.ब.नं. २४७८०, ताच्चिखेल-१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी विकास बैंक पछाडी), ललितपुर
फोन: ०१-५१९३२३६, ५१९३२३७, ५१९३२३८, ५१९३२३९, E-mail : nepal@soundlinesgroup.com

CREATING VALUE THROUGH PEOPLE



मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेडले असोज २० गतेदेखि सर्वसाधारणका लागि प्राथमिक सार्वजनिक निष्कासन (आईपीओ) बिक्री खुल्ला गर्ने भएको छ । कम्पनीले ९० करोड रुपैयाँ बराबरको ९० लाख कित्ता शेयर सर्वसाधारणका लागि निष्कासन गर्न लागेको हो । कम्पनीले सिन्धुपाल्चोक जिल्लाको भोटेकोशी नदीमा १०२ मेगावाटको आयोजना निर्माण गरिरहेको छ । ब्याजसहित १६ अर्ब ९७ करोड ३२ लाख १८ हजार रुपैयाँ कुल लागत रहेको आयोजनाको समग्र स्थिति कस्तो छ ? सर्वसाधारणले आईपीओमा आवेदन दिँदा ढुक्क हुने अधारहरु के-के हुन? यिनै विषयमा **मध्यान्ह**का लागि **चिरन भट्टराई**ले पाण्डेसँग गरेको कुराकानीको सार ।

# प्रतिफलको हिसाबले मध्य भोटेकोशी सबैभन्दा राम्रो आयोजना हो

**फर्शुराम पाण्डे**
कम्पनी सचिव, मध्य भोटेकोशी जलविद्युत कम्पनी लिमिटेड

## आईपीओ निष्काशन गर्दै हुनुहुन्छ, कम्पनीको खास अवस्था चाहीँ कस्तो छ ?

मध्यभोटेकोशी जलविद्युत कम्पनी लिमिटेड २०६७ साउन १३ गते कम्पनी रजिष्टारको कार्यालयमा र २०६९ चैत्र ४ गते उद्योग विभागमा दर्ता भएको हो । यस कम्पनीले सिन्धुपाल्चोकको बाह्रबिसे नगरपालिकाको वडा नं. ५ र ६ तथा भोटेकोशी गाउँपालिकाको वडा नं. १ र ५ मा मुख्य संरचना रहने गरी भोटेकोशी नदीबाट १०२ मेगावाटको मध्य भोटेकोशी जलविद्युत आयोजना निर्माण गरिरहेको छ ।

यो आयोजनाको अनुमानित लागत १५ अर्ब ३ करोड २



> आयोजनाको अनुमानित लागत १५ अर्ब ३ करोड २ लाख ९० हजार रुपैयाँ रहेको छ । यो लागत निर्माण अवधिको ब्याजबाहेक हो । ब्याजसहित १६ अर्ब ९७ करोड ३२ लाख १८ हजार रुपैयाँ अनुमानित लागत रहेको छ । आयोजनाले बार्षिक उर्जा औषतमा ५४२ गिगावाटआवर दिनेछ ।

लाख ९० हजार रुपैयाँ रहेको छ । यो लागत निर्माण अवधिको ब्याजबाहेक हो । ब्याजसहित १६ अर्ब ९७ करोड ३२ लाख १८ हजार रुपैयाँ अनुमानित लागत रहेको छ । आयोजनाले बार्षिक उर्जा औषतमा ५४२ गिगावाटआवर दिनेछ ।

आयोजनाको निर्माण तीन वटा मुख्य ठेक्का भएर भइरहेको छ । जसमध्ये सिभिल तथा हाइड्रो मेकानिकल कार्य, इलकेक्ट्रो मेकानिकल कार्य र प्रसारण लाइन कार्य सम्बन्धमा ठेक्का भई छुट्टाछुट्टै काम भइरहेको छ ।

## कम्पनीको पूँजी व्यवस्थापन कसरी भएको छ ?

आयोजनाको कुल लागत १५ अर्ब मध्ये ५९ प्रतिशत ऋणबाट व्यवस्थापन गरिएको छ भने ४१ प्रतिशत इक्यिटीमार्फत लगानी व्यवस्थापन भएको छ । कूल इक्विटीमा ५१ प्रतिशत संस्थापक शेयर र ४९ प्रतिशत साधारण शेयरको हिस्सा रहेको छ । संस्थापक तथा मुख्य शेयर धनीमा चिलिमे जलविद्युत कम्पनीको ३७ र नेपाल विद्युत प्राधिकरणको १० तथा नेपाल अरनिको हाइड्रोपावर, सिन्धु इन्भेष्टमेन्ट, सिन्धुपाल्चोक हाइड्रोपावर, र सिन्धु भोटेकोशी हाइड्रोपावरको १-१ प्रतिशत लगानी रहेको छ ।

सर्वसाधारणतर्फ संस्थापक कम्पनीका शेयरधनीलाई ३.५, कर्जा दाता कर्मचारी सञ्चय कोषका कर्मचारीलाई १ र संचय कोषका सञ्चयकर्तालाई १९.५, स्थानीय वासिन्दालाई १० प्रतिशत र सिन्धुपाल्चोक बाहिरका सर्वसाधारणलाई १५ प्रतिशतका दरले विभाजन गरिएको छ ।

अब सर्वसाधारणले प्राप्त गर्ने १ अर्ब ५० करोड रुपैयाँ बराबरको १ करोड ५० लाख कित्ता हो । जसमध्ये ४० प्रतिशत अर्थात ६० लाख कित्ता आयोजना प्रभावित क्षेत्र र जिल्लाबासीले पाएका छन् । बाँकी ६० प्रतिशत अर्थात ९० लाख कित्ता सर्वसाधारणका लागि ल्याइएको छ । जिल्लाबासीलाई छुट्याइएको ६० लाख कित्ता मध्ये ३० प्रतिशत अर्थात १८ लाख कित्ता आयोजना प्रभावित स्थानीय बासिन्दाले पाएका छन भने बाँकी ७० प्रतिशत अर्थात ४२ लाख कित्ता जिल्लाबासीका लागि वितरण गरिएको छ ।

सर्वसाधारणका लागि जारी हुने ९० लाख कित्ता शेयरको लागि असोज १३ गते आव्हान पत्र जारी भई आगामी २० गते देखि आवेदन खुल्ला हुँदैछ । अंकित मूल्य एक सय रुपैयाँ दरका ९० लाख कित्तामध्ये ४ प्रतिशत अर्थात ३ लाख ६० हजार कित्ता शेयर कर्मचारीहरुको लागि सुरक्षित गरिएको छ भने ५ प्रतिशत अर्थात ४ लाख ५० हजार कित्ता शेयर सामुहिक लगानी कोषहरुका लागि सुरक्षित गरिएको छ । बाँकी रहेको ८१ लाख ९० हजार कित्ता साधारण शेयर सर्वसाधारणमा निष्कासन गर्न लागिएको हो ।

सर्वसाधारणले आस्बा प्रणालीबाट असोज २५ गतेसम्म आवेदन दिन सक्नेछन् । यो अवधिसम्म माग भएजति आवेदन नपरे कत्तिक ३ गतेसम्म आवेदन खुल्ला रहनेछ । सर्वसाधारणले न्यूनतम १० कित्तादेखि अधिकतम १० हजार कित्तासम्म आवेदन दिन पाउनेछन् ।

## आयोजनाको निर्माण अवधि शुरूमा भनिएको भन्दा पछाडी धकेलिनुको कारण के हो ?

आयोजनाको निर्माण कार्य शुरु भएदेखि विभिन्न किसिमका समस्याहरु आए । सिन्धुपाल्चोक जिल्ला दैवि प्रकोपको दृष्टिकोणले निकै मारमा परेको जिल्ला हो । जुरे पहिरो, भारत तथा चीनको अघोशित नाकावन्दी, भूकम्प, कोरोना महामारीका कारण आयोजना प्रभावित भएको छ । जसका कारण निर्माण अवधि लम्बिएको हो । निर्माण अवधि लम्बिए पनि तात्विक रुपमा यसको लागत बढेको छैन् ।

केही इन्डेक्स ड्युरीङ कन्स्ट्रक्सन पिरियड (आईडीसी) को कारणले बाहेक लागत बढ्ने सम्भावना छैन् । तर आयोजना स्थलमा प्रवेश गर्नका लागि आवश्यक सडक धेरै बनाउनु नपर्ने, प्रसारण लाइन लामो बनाउनु नपर्ने र खरिद बिक्री सम्झौता



> आयोजनाको भौतिक कार्य प्रगति ६५ प्रतिशतभन्दा माथि रहेको छ भने वित्तीय प्रगति झण्डै ५८ प्रतिशत भएको छ । विभिन्न भागमा विभाजन गरेर यसको काम अगाडि बढेको छ । त्यसैले कुन काम कति सम्पन्न भएपछि मूल्याङ्कन गर्ने भन्ने हुन्छ । जस्तै सुरुङ निर्माणको काममा ब्रेक थ्रु भएपछि यसको प्रतिशत बढेर जान्छ ।

पनि भइसकेको अवस्था छ । विद्युत विक्रीका लागि आयोजनाले २२० केभीको चार किलोमिटर मात्रै प्रसारण लाइन बनाउँदा विद्युत प्राधिकरणको बाह्रबिसेमा रहेको सबस्टेसनमा जोडिन पुग्छ । यिनै कुराहरुले निर्माण सम्पन्न गर्न समय लागे पनि ब्याबसायिक दृष्टिकोणले आकर्षक भएकोले सर्वसाधारणको लगानीको लागी पनि कम जोखीम र सुरक्षित लगानीको अवसरको रुपमा लिन सकिन्छ ।

## आयोजना निर्माण कहिले सम्म पुरा गर्ने लक्ष्य लिइएको छ ?

आयोजनाको निर्माण ११ मे २०२२ सम्ममा सक्ने लक्ष्य लिइएको छ । काबु बाहिरको परिस्थिति बाहेक आयोजनाको निर्माण समयमै सम्पन्न हुने विश्वास हामीले गरेका छौं ।

## अहिलेसम्म कति प्रतिशत निर्माण कार्य सम्पन्न भयो ?

आयोजनाको भौतिक कार्य प्रगति ६५ प्रतिशतभन्दा माथि रहेको छ भने वित्तीय प्रगति झण्डै ५८ प्रतिशत भएको छ । विभिन्न भागमा विभाजन गरेर यसको काम अगाडि बढेको छ । त्यसैले कुन काम कति सम्पन्न भएपछि मूल्याङ्कन गर्ने भन्ने हुन्छ । जस्तै सुरुङ निर्माणको काममा ब्रेक थ्रु भएपछि यसको प्रतिशत बढेर जान्छ । अहिले सुरुङ निर्माणको केही काम पुरा हुन बाँकी छ । त्यसले गर्दा आयोजनाको भौतिक प्रगति कम देखिएको हो । तर वास्तवमा हेर्ने हो भने यो भन्दा केही बेसी नै निर्माण प्रगति भएको छ ।

## आयोजनाको अनुमानित आम्दानी कति छ ?

आयोजनाको साधारण लगानी फिर्ता हुने अवधि (पे ब्याक पिरियड) ७.७० वर्ष र डिस्काउन्टमा लगानी फिर्ता हुने अवधि (डिस्काउन्ट पे ब्याक पिरियड) १५.४८वर्ष रहेको छ । इजाजत पत्र वहाल रहने अवधि विसं २०७० मंसिर १८ गतेदेखि विसं २१०५ मंसिर १७ गतेसम्म गरी ३५ वर्ष रहेकोमा अब २७ वर्ष ७ महिना अवधि बाँकी छ । सोही अनुसार कम्पनीले आम्दानी गर्नेछ । नेपालमा १० देखि १५ वर्षको पे ब्याक पिरियड भएका कम्पनीहरु आर्थिक दृष्टिले राम्रो मानिएको छ ।

## आईपीओ निष्काशनका लागि बिक्री प्रबन्धकको काम कसले गर्दैछ ?

शेयर निष्काशनको लागि बिक्री प्रबन्धकको काम ग्लोबल आइएमई क्यापिटलले गरेको छ । यसको प्रत्याभुतिकर्ता नागरिक लगानी कोष रहेको छ । त्यस्तै ग्लोबल आइएमई क्यापिटलकै नेतृत्वमा अन्य केही सहायक बिक्री प्रबन्धकहरु पनि नियुक्त भएका छन् ।

## कम्पनीको क्रेडिट रेटिङको स्थिति कस्तो छ ?

कम्पनीको क्रेडिट रेटिङ केयर रेटिङले गरेको हो । कम्पनीले 'डबल बि इन्स्योर रेटिङ' प्राप्त गरेको छ ।

## कम्पनीको संस्थागत सुशासनको अवस्था कस्तो छ ?

आयोजना सञ्चालन भएको स्थानमा स्थानीयको अपेक्षाहरुलाई हाम्रो हैसियत र क्षमताले भ्याएसम्म सम्बोधन गर्ने प्रयास गरेका छौं । आयोजना प्रभावित जिल्ला र क्षेत्रलाई शेयर वितरण भइसकेको छ । त्यसैले संस्थागत सुशासनको दृष्टिले हाम्रो कम्पनीमा औंल्याउनै पर्ने ठूला खालको कुनै समस्या छ भन्ने मलाई लाग्दैन ।

## मध्य भोटेकोशीमा सर्वसाधारणले किन लगानी गर्ने ?

पे ब्याक पिरियड, लगानी र लागत कम भएको आयोजना हुनुले गर्दा लगानीकर्ताका लागि आकर्षक आयोजना हो । अझ काठमाडौंबाट नजिकको दूरीमा रहेको ठूलो आयोजना पनि हो । त्यसैले देशको सन्तुलित विद्युत आपुर्तिका लागि पनि यो आयोजनाको विद्युत गृह महत्वपूर्ण बन्न सक्छ । अब यसको होल्डीङ कम्पनी चिलिमे जलविद्युत आयोजना रहेको र चिलिमेले अहिलेसम्म गर्दै आएको प्रगतिलाई हेरेर पनि लगानीकर्ताले विश्वास गर्न सक्छन् ।



के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
नुम्स कम्प्युटर्स प्रा.लि.
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८४१५६५७९५

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन) मुद्रकः रोशन अफसेट प्रेस, भक्तपुर, सम्पादकः **मदनकुमार श्रेष्ठ**